नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com



मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:

9854028218
9802592799
9803474311
9817806395


## रौतहट ३ मा रास्वपाका पटेल विजयी

**रौतहट।**
प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत रौतहट क्षेत्र नम्बर ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का रवीन्द्र पटेल बिजयी भएका छन्।
पटेलले २७ हजार ३१८ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत अबधेशप्रसाद कुशवाहले जानकारी दिए।
सो क्षेत्रमा जनता समाजबादी पार्टीका गोबिन्द चौधरीले ११ हजार ९५४ प्राप्त गरेका थिए।
साथै नेकपा (एमाले)का कुन्दन कुशवाहले छ हजार ६०५, नेपाली कांग्रेसका रामकृपाल यादबले छ हजार ४२० मत प्राप्त गरे। यस क्षेत्रमा कूल एक लाख ८ हजार ६९९ मतमध्ये ७६ हजार ६६९ मत खसेको थियो। रासस


वर्ष ४ · अंक ११० · २०८२ साल फागुन २५ गते सोमबार · Monday 09, March 2026 · सूर्योदय: बिहान ०६:२२ बजे · सूर्यास्त: साँझ ०६:१० बजे · पृष्ठ ८ · मूल्य रु. ५/-


# मधेशकेन्द्रित दल मधेशमै शुन्यमा !

**मधेशदृष्टि**
**जनकपुरधाम।**
फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनको मतगणना जारी रहँदा प्रारम्भिक नतिजाले स्पष्ट सन्देश दिएको छ यसपटक मधेशकेन्द्रित दलहरू गम्भीर रूपमा कमजोर देखिएको छ। हालसम्मको परिणामअनुसार धेरै स्थानमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उम्मेदवारहरू अग्रस्थानमा छन् भने मधेशवादी दलहरू प्रतिस्पर्धामै देखिएका छैनन्।
राजनीति विश्लेषकहरूका अनुसार नेपालको राजनीतिक इतिहासमै कुनै क्षेत्रीय दलहरू यति कमजोर अवस्थामा पुगेको अवस्था दुर्लभ मानिन्छ। मधेश आन्दोलनको जगमा स्थापित दलहरू विगतमा जस्तोसुकै राजनीतिक संकट आएपनि पूर्ण रूपमा कमजोर बनेका थिएनन्। कुनै न कुनै रूपमा उनीहरू राजनीति मैदानमा प्रभावशाली रहँदै आएका थिए। उदाहरणका लागि, गजेन्द्रनारायण सिंहको नेतृत्वमा रहेको नेपाल सद्भावना पार्टीले लामो समयसम्म मधेशको आवाजलाई राष्ट्रिय राजनीतिमा जीवित राखेको थियो। तर अहिलेको निर्वाचन परिणामले त्यो परम्परामा ठूलो विच्छेद भएको संकेत दिएको छ।
यसपटक उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, सि.के. राउत नेतृत्वको जनमत पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टी तथा रिजवान अन्सारी नेतृत्वको नेपाल सङ्घीय समाजवादी पार्टी लगायतका मधेशकेन्द्रित दलहरूले एक सिट पनि जित्ने अवस्था देखिएको छैन। पछिल्लो समय खुलेका जनअधिकार पार्टी र जनता लोकतान्त्रिक पार्टीजस्ता दलहरू पनि चुनावी प्रतिस्पर्धामा प्रभावकारी देखिएनन्।
सप्तरी क्षेत्रमै दुवै प्रमुख मधेशवादी नेताहरू पछि परेका छन्। सप्तरी–२ मा जनमत पार्टीका अध्यक्ष सिके राउत तेश्रो स्थानमा सीमित भएका छन् भने रास्वपाका उम्मेदवार रामजी यादव विजयी भएका छन्। त्यस्तै सप्तरी–३ मा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव दोश्रो स्थानमा सीमित हुँदा रास्वपाका अमरकान्त चौधरी वियजी भए।
सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो चौथो स्थानमै रोकिए। त्यहाँ रास्वपाका उम्मेदवार रविन महतो भारी मतान्तरसहित

*बाँकी पृष्ठ २ मा*

## मधेशवादी नेताको प्रतिक्रियाः
## जनताको निर्णय स्वीकार, संघर्ष जारी रहन्छ



प्रतिनिधिसभा निर्वाचनमा मधेश क्षेत्रमा देखिएको नयाँ राजनीति लहरका कारण पराजय भोगेका मधेशकेन्द्रित दलका शीर्ष नेताहरूले जनताको निर्णयलाई सम्मान गर्ने प्रतिक्रिया दिएका छन्।
सामाजिक सञ्जालमार्फत उनीहरूले मतदाताप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि आफ्नो राजनीतिक संघर्ष जारी रहने बताएका हुन्।
सप्तरी–३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार अमरकान्त चौधरीसँग पराजित जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मतदाताको जनादेश आफूलाई स्वीकार रहेको बताएका छन्। उनले जनताको निर्णयलाई सम्मान गर्दै समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशी समाज निर्माणको लक्ष्यबाट आफूहरू विचलित नहुने उल्लेख गरेका छन्। यादवले सीमान्तीकृत समुदायको पहिचान, स्वाभिमान र अधिकारको पक्षमा आफ्नो संघर्ष निरन्तर रहने बताए। साथै उनले आफ्नो पार्टीका पक्षमा मतदान गर्ने सबै मतदाताप्रति कृतज्ञता व्यक्त गर्दै भविष्यमा जनअपेक्षाअनुसार काम गर्ने प्रतिबद्धता पनि जनाएका छन्।
यसैगरी जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले पनि चुनावी परिणामलाई स्वीकार गर्दै निराश नहुन कार्यकर्ता तथा समर्थकलाई आग्रह गरेका छन्। उनले सामाजिक सञ्जालमा लेख्दै अहिलेको परिणामलाई व्यक्तिगत असफलता नभई परिस्थितिजन्य घटना भनेर बुझ्नुपर्ने बताएका छन्।
'जनताले दिएको आदेशलाई सम्मान गरौँ, विजयी उम्मेदवारलाई सरकार चलाउन दिऔँ,' उनले लेखेका छन्। राउतले केही समयपछि वास्तविकता स्पष्ट हुने विश्वास व्यक्त गर्दै सिद्धान्त र एजेन्डाले नै पार्टीलाई दीर्घकालसम्म समाजमा जीवित राख्ने बताए। सप्तरी–२ मा उनी तेस्रो स्थानमा रहेका छन्।
त्यस्तै राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले पनि निर्वाचन परिणामलाई ऐतिहासिक घटनाका रूपमा टिप्पणी गरेका छन्। उनका अनुसार बालेन शाह पहिलो पटक मधेसी समुदायबाट प्रधानमन्त्री बन्ने सम्भावना देखिएकाले यसले नयाँ राजनीतिक अध्यायको संकेत गरेको छ। महतोले रास्वपाले हासिल गरेको विजयप्रति बधाई दिँदै यसलाई परिवर्तन, सुशासन र उत्तरदायी नेतृत्वप्रतिको जनताको चाहनाको अभिव्यक्ति भएको बताएका छन्। उनले सामाजिक सञ्जालमा लेख्दै काठमाडौँ महानगरपालिकाको प्रमुखमा निर्वाचित हुँदा नै बालेन शाहलाई परिवर्तनको संकेतका रूपमा आफूले संसद्मा उल्लेख गरेको स्मरण पनि गरेका छन्।
महतोका अनुसार चुनावअघि जनकपुरधाममा शाहले मैथिली भाषामा संघीयता सुदृढ बनाउने अभिव्यक्ति दिएका कारण संघीयता र समावेशी राज्य संरचनाका पक्षधर नागरिकको ध्यान आकर्षित भएको थियो।
साथै उनले आगामी सरकारले संघीयताको प्रभावकारी कार्यान्वयन, प्रदेशको अधिकार सुनिश्चितता, सीमांकन र नामकरणसम्बन्धी विवाद समाधान, संविधान संशोधन तथा भ्रष्टाचार नियन्त्रणजस्ता विषयमा गम्भीर पहल गर्नुपर्ने बताएका छन्।
महतोले सर्लाही–२ बाट निर्वाचित रास्वपाका उम्मेदवार रविन महतोलाई बधाई दिँदै आफूलाई मत दिने मतदाताप्रति आभार व्यक्त गरेका छन्। यसपटकको परिणामले मधेशको राजनीति परिदृश्यमा ठूलो परिवर्तनको संकेत गरेको छ। परम्परागत दलहरूलाई जनताले नयाँ सन्देश दिएका छन् अब केवल मुद्दा उठाउने होइन, त्यसको व्यवहारिक कार्यान्वयन पनि देख्न चाहन्छन्।

## वीरगंजको मुख्य सडक
## २५–२५ मिटर चौडा गर्न बाटो खुल्यो



**मधेशदृष्टि**
**वीरगंज।**
सर्वोच्च अदालतले त्रिभुवन राजपथ काठमाडौँ– पथलैया– वीरगंज भन्सार अन्तर्गत वीरगंज क्षेत्रको सडक विस्तार सम्बन्धी रिट निवेदन पूर्ण रूपमा खारेज गरेको फैसलाको पूर्ण पाठ सार्वजनिक भएको छ। फैसला एक बर्ष पहिले नै सुनाई सकेको भएतापनि सो फैसला कुन आधारमा सुनाएको हो, भन्ने बारे विस्तृत विवरण पूर्ण पाठमा उल्लेख छ।
गत वर्ष फागुन २८ गते सर्वोच्चका न्यायाधीशद्वय विनोद शर्मा र महेश शर्मा पौडेलको संयुक्त इजलासले रिट खारेजको फैसला सुनाएको हो। फैसलाको पूर्ण पाठ आए पछि सम्बन्धीत र सरोकारवलाहरूको जिज्ञासा मेटिने अपेक्षा गरिएको छ।
वीरगंजको मेनरोड खण्डमा सडकको दायाँबायाँ २५–२५ मिटरको विस्तार गर्न नहुने भन्दै सर्वोच्च अदालतमा वीरगंजका लक्ष्मण साह रौनियार लगायत पाँच जना घरधनीहरूले छुट्टा छुट्टै दायर गरेको रिट, लामो समयदेखि सर्वोच्चमा विचाराधीन थियो। सो रिट अदालतले खारेज गरि सकेको भएतापनि, महानगरपालिकाले विस्तार गर्न खोज्दा, पूर्णपाठ आउनुपर्छ भन्दै विभिन्न पक्षबाट अवरोध गर्दै आएका थिए।
फैसलाको पुर्ण पाठ आएपछि वीरगंजको मेनरोड खण्डको सडक दायाँबायाँ २५–२५ मिटर चौडा गर्ने बाटो खुलेको छ। त्रिभुवन राजपथ अन्तर्गतपर्ने गण्डकचोकदेखि पावर हाउसचोक, घण्टाघरचोकदेखि– आर्दशनगर, रजतजयन्तीचोक, शङ्कराचार्यगेट हुदैँ मितेरी पुलसम्मको मुख्य सडक विस्तारको काम मुद्दासँगै रोकिएको थियो, जुन अव खुला भएको छ।




# श्रम संस्कृति पार्टीको ३ स्थानमा जीत

**मधेशदृष्टि**
**काठमाडौँ ।**
गएको कात्तिकमा दर्ता भएको श्रम संस्कृति पार्टीले प्रत्यक्ष तर्फ तीन स्थानमा जित हासिल गरेको छ ।श्रम संस्कृतिका अध्यक्ष हर्क साम्पाङ सुनसरी–१, महासचिव आरेन राई खोटाङ र ध्रुवराज राई भोजपुरबाट निर्वाचित भएका हुन् ।
धरान उपमहानगरपालिकाका मेयर साम्पाङले गत असोजमा पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए ।
आयोगले कात्तिक १६ गते दल दर्ताको प्रमाणपत्र दिएको थियो ।
समानुपातिक तर्फ ४३ लाख मत गणना हुँदा श्रम संस्कृति पार्टीले ९७ हजार ८९२ मत प्राप्त गरेको छ ।
समानुपातिक तर्फ निर्वाचित हुन कुल सदर मतको तीन प्रतिशत प्राप्त गर्नुपर्दछ ।

# इलाम २ बाट नेम्बाङ निर्वाचित

**मधेशदृष्टि**
**इलाम ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनमा इलाम–२ बाट नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उम्मेदवार सुहाङ नेम्बाङ निर्वाचित भएका छन् । मुख्य निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको अन्तिम मतपरिणामअनुसार एमाले उम्मेदवार नेम्बाङले नेपाली कांग्रेसका उम्मेदवार भेषराज आचार्यलाई सात हजार ७७६ मतको फराकिलो अन्तरले पराजित गरेका हुन् ।
नेम्बाङ २२ हजार ४२६ मतका साथ निर्वाचित भएको मुख्य निर्वाचन अधिकृत रोशन गजुरेलले जानकारी दिए । उनका निकटतम प्रतिष्पर्धी कांग्रेसका आचार्यले १४ हजार ६५० मत प्राप्त गरेका छन् । प्रतिनिधिसभा सदस्यमा नेम्बाङको यो दोस्रो विजय हो ।
यसअघि २०८१ वैशाख १५ गते भएको उपनिर्वाचनमा नेम्बाङले यही क्षेत्रबाट कांग्रेसकै उम्मेदवार डम्बरबहादुर खड्कालाई पाँच हजार ८२० मतान्तरले पराजित गरेका थिए ।

# प्रतिनिधि सभा सदस्यमा निर्वाचितहरुको नामावली:–

**रास्वपाका १०१ जना निर्वाचित**
१. बालेन्द्र शाह, झापा ५
२. सोबिता गौतम, चितवन ३
३. हरि ढकाल, चितवन १
४. लेखजंग थापा, रूपन्देही ३
५.रूविना आचार्य, मोरङ ६
६. सुलभ खरेल, रूपन्देही २
७. सुनिल लम्साल, रून्देही १
८. डा. तोसीमा कार्की, ललितपुर ३
९. मनिष झा, धनुषा ३
१०. विपिन आचार्य, दाङ २
११. नीतिमा भण्डारी, सर्लाही १
१२. कमल सुबेदी, दाङ ३
१३. निशा डाँगी, झापा १
१४. राजन गौतम, नवलपुर १
१५. बदन कुमार भण्डारी, काभ्रे २
१६. रवि लामिछाने, चितवन २
१७. देवराज पाठक, दाङ १
१८. रविन महतो, सर्लाही २
१९. राजीव खत्री भक्तपुर २
२०. मनिष खनाल, नवलपुर २
२१. रहबर अन्सारी, बारा ४
२२. कृष्ण कुमार कार्की, मोरङ २
२३. सन्तोष राजवंशी, मोरङ ४
२४. अरबिन्द साह, बारा ३
२५. गणेश धिमाल, बारा १
२६. खड्कराज पौडेल, कास्की १
२७. शिवशंकर यादब, सिराहा २
२८. तौफिकअहमद खान, रूपन्देही ५
२९. प्रकाश पाठक, झापा ३
३०. स्वर्णिम वाग्ले, तनहुँ १
३१. बिना गुरूङ, कास्की ३
३२. प्रदिप बिष्ट, काठमाडौं १०
३३. गणेश पौडेल, रौतहट ४
३४. सीताराम साह, सप्तरी ४
३५. तपेश्वर यादव, सिराहा ४
३६. डोल प्रसाद अर्याल, काठमाडौं ९
३७. हरि प्रसाद भुसाल, अर्घाखाँची १
३८. प्रमोद कुमार महतो, महोत्तरी १
३९. सुनिल के.सी., काठमाडौं २
४०. दिपकराज बोहरा, कञ्चनपुर २
४१. धर्मराज केसी, लमजुङ १
४२. रुकेश रञ्जित, भक्तपुर– १
४३. सुरेश कुमार चौधरी, बाँके १
४४. दीपककुमार साह, महोत्तरी २
४५. श्रीराम न्यौपाने, तनहुँ २
४६. अच्युतम लामिछाने, नुवाकोट २
४७. आनन्द बहादुर चन्द, कैलाली ५
४८. उत्तम प्रसाद पौडेल, कास्की २
४९. सुशील कुमार कानु, पर्सा २
५०. सस्मित पोखरेल, काठमाडौं ५
५१. आशा झा, मोरङ ५
५२. रमेश कुमार सापकोटा, सुर्खेत २
५३. सागर ढकाल, गुल्मी १
५४. खगेन्द्र सुनार, बाँके ३
५५. पुकार बम, काठमाडौं ४
५६. धनञ्जय रेग्मी, स्याङ्जा १
५७. राजेश कुमार चौधरी, रौतहट १
५८. कन्हैया बनियाँ, रूपन्देही ४
५९. टेक बहादुर शाक्य, पर्सा ४
६०. गणेश पराजुली, काठमाडौं ७
६१. शिशिर खनाल, काठमाडौं ६
६२. सुशान्त वैदिक, प्युठान १
६३. यज्ञमणि न्यौपाने, मोरङ १
६४. बुद्धि प्रसाद पन्त, पर्सा १
६५. ज्ञानेन्द्र सिंह महता, कञ्चनपुर ३
६६. सागर भुसाल, पर्वत १
६७. बोधनारायण श्रेष्ठ, धादिङ २
६८. विराजभक्त श्रेष्ठ, काठमाडौं ८
६९. बुद्धरत्न महर्जन, ललितपुर १
७०. सुशील खड्का, बाग्लुङ १
७१. जगत प्रसाद जोशी, कैलाली ३
७२. तारा प्रसाद जोशी, डडेलधुरा १
७३. राजुनाथ पाण्डे, काठमाडौं ३
७४. आशिष गजुरेल, सिन्धुली २
७५. कोमल ज्ञवाली, कैलाली १
७६. गोविन्द पन्थी, गुल्मी २
७७. धनेन्द्र कार्की, सिन्धुली १
७८. रञ्जु न्यौपाने, काठमाडौं १
७९. सोम शर्मा, बाग्लुङ – २
८०. जगत सिंह धामी, कञ्चनपुर –१
८१. अशोक कुमार चौधरी, सुनसरी ३
८२. आशिका तामाङ, धादिङ १
८३. इन्दिरा राना मगर, झापा २
८४. माधव बहादुर थापा, पाल्पा २
८५. चन्दन कुमार सिंह, बारा २
८६. नरेन्द्र कुमार गुप्ता, नवलपरासी पश्चिम २
८७. शम्भु प्रसाद ढकाल, झापा ४
८८. सूर्य बहादुर तामाङ, उदयपुर २
८९. खेमराज कोइराला,कैलाली४
९०. मधु कुमार चौलागाईं, काभ्रे १
९१. बिक्रम थापा, कपिलवस्तु २
९२. नरेन्द्र साह कलवार, सर्लाही ३
९३. राजकिशोर महतो, धनुषा ४
९४. रामाकान्त चौरसिया, पर्सा ३
९५. विक्रम खनाल, नवलपरासी पश्चिम १
९६. अमरेश कुमार सिंह, सर्लाही४
९७. गणेश कार्की, मोरङ ३
९८. भरत पराजुली, सिन्धुपाल्चोक १
९९. मोहनलाल आचार्य, कपिलवस्तु१
१००. जगदिश खरेल, दोलखा
१०१.हरिमोहन भण्डारी,बैतडी

**नेपाली कांग्रेसका १५ जना निर्वाचित**
१. सन्तोष सुब्वा, तेह्रथुम १
२. टेक बहादुर गुरुङ, मनाङ १
३. योगेश गौचन थकाली, मुस्ताङ १
४. सन्दीप राना, पाल्पा १
५. अभिषेक प्रताप शाह, कपिलबस्तु ३
६. जयपति रोकाया, हुम्ला १
७. खडक बहादुर बुढा, जाजरकोट १
८. बासना थापा, दैलेख १
९. विष्णु बहादुर खड्का, सुर्खेत १
१०. भरत कुमार स्वार, अछाम १
११. भरत बहादुर खड्का, डोटी १
१२. मोहन आचार्य, रसुवा
१३ मोहमद फिर्दोस आलम, रौतहट २
१४. नरेन्द्र कुमार केरूङ, पाँचथर
१५. प्रकाश सिंह कार्की, सोलुखुम्बु

**नेकपा (एमाले) ७ जना निर्वाचित**
१. क्षितिज थेबे, ताप्लेजुङ १
२. राजेन्द्र कुमार राई, धनकुटा १
३. मोहम्मद इश्तियाक राई, बाँके २
४. लक्ष्मी प्रसाद पोखरेल, दैलेख २
५. ऐन बहादुर महर, बझाङ १
६. गणेश सिंह ठगुन्ना, दार्चुला १
७. सुहाङ नेम्वाङ, इलाम २

**नेपाली कम्युनिस्ट पार्टीका ५ जना निर्वाचित**
१. पुष्प कमल दाहाल प्रचण्ड, रूकुम पूर्व
२. वर्षमान पुन, रोल्पा
३. महेन्द्र बहादुर शाही, कालिकोट
४. गोपाल शर्मा, रूकुम पश्चिम
५. रमेश कुमार मल्ल, सल्यान
६) युवराज दुलाल,सिन्धुपाल्चोक –२

**राप्रपाका १ जना निर्वाचित**
१. ज्ञानेन्द्र बहादुर शाही, जुम्ला

**स्वतन्त्र १ जना निर्वाचित**
१. महावीर पुन, म्याग्दी

**श्रम संस्कृति पार्टी**
१. हर्क साङपाङ, सुनसरी १

# प्रतिनिधिसभा सदस्य निर्वाचन शान्तिपूर्ण
# नेपाल प्रहरीको समन्वयकारी भूमिका प्रभावकारी

**भैरहवा ।**
हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन उल्लेखनीय रूपमा शान्तिपूर्ण र व्यवस्थित वातावरणमा सम्पन्न भएको छ । विसं २०७९ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको तुलनामा यही फागुन २१ गते सम्पन्न निर्वाचन शान्तिपूर्ण र व्यवस्थित रहेको हो । निर्वाचन अवधिभर प्रभावकारी सुरक्षा रणनीति, सुरक्षाकर्मीको सक्रिय परिचालन तथा सुरक्षा निकायबीचको समन्वयका कारण यसपटकको निर्वाचन अपेक्षाकृत सुरक्षित, व्यवस्थित र भयरहित वातावरणमा सम्पन्न भएको विश्लेषण गरिएको छ ।
निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउन नेपाल प्रहरीले बहुआयामिक सुरक्षा योजना कार्यान्वयन गरेको थियो । मतदानस्थल र मतदान केन्द्रहरूमा विशेष सुरक्षा प्रबन्ध मिलाएकाले मतदाताले ढुक्क साथ मतदान गर्न सकेको सुरक्षा निकायको भनाइ छ । प्रहरी सङ्गठनले सीमित स्रोत–साधनको अधिकतम उपयोग गर्दै निर्वाचनलाई निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण भूमिका खेलेको प्रहरीको ठम्याइ छ ।
सुरक्षाकर्मीलाई स्पष्ट जिम्मेवारीसहित परिचालन गरिएको तथा देशभरका प्रहरी इकाइलाई उच्च सतर्कतामा राखेर सुरक्षा व्यवस्थापन गरिएको प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बताए । उनले सुरक्षा रणनीति सफल भएको उल्लेख गर्दै विगतको तुलनामा यस निर्वाचन शान्तिपूर्ण र व्यवस्थित भएको दाबी गरे । प्रहरी प्रधान कार्यालयले निर्वाचन सुरक्षाका लागि मुख्यतः पाँच प्रमुख रणनीति अवलम्बन गरेको थियो । महानिरीक्षक कार्कीका अनुसार पहिलो, सुरक्षा जोखिम मूल्याङ्कनका आधारमा मजबुत सुरक्षा योजना तयार गरिएको थियो ।
दोस्रो, सीमित स्रोत–साधनलाई प्रभावकारी रूपमा परिचालन गरी सुरक्षा व्यवस्थापनलाई सुदृढ बनाइएको थियो । तेस्रो, पछिल्ला आन्दोलनका कारण केही खस्किएको प्रहरी मनोबललाई उच्च बनाउने उद्देश्यले सङ्गठनभित्र विशेष पहल गरिएको थियो । चौथो, अन्य निकायहरूसँग प्रभावकारी सुरक्षा निकाय, राजनीतिक दल, प्रशासन तथा सरोकारवाला निकायहरूसँग प्रभावकारी समन्वय कायम गरिएको थियो । र, पाँचौं, निर्वाचन अवधिभर निरन्तर अनुगमन तथा नियमनलाई सुदृढ बनाइएको थियो ।
अनुगमनका क्रममा प्रहरी महानिरीक्षक कार्की स्वयंले विभिन्न प्रदेश तथा जिल्लाका प्रहरी इकाइमा पुगेर स्थलगत निरीक्षण, सुपरीवेक्षण तथा ‘ब्रिफिङ’ कार्यक्रम सञ्चालन गरेको प्रहरी प्रधान कार्यालय सूचना शाखाको भनाइ छ । यस पटकको निर्वाचन नेपाल प्रहरीले ‘डिजिटल’ प्रविधिको प्रयोगलाई पनि विशेष प्राथमिकता दिइएको थियो । सामाजिक सञ्जालमार्फत फैलिन सक्ने भ्रामक सूचना तथा ‘फेक न्युज’ नियन्त्रण गर्न प्रत्येक जिल्लामा सामाजिक सञ्जाल अनुगमन टोली गठन गरिएको थियो । ती टोलीहरूले ‘अनलाइन’ माध्यममा प्रसारित भ्रामक सामग्रीको निगरानी गर्दै आवश्यक कारबाही तथा सामग्री हटाउने कार्यसमेत गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।
त्यसैगरी, संवेदनशील क्षेत्रहरूको निगरानीका लागि ‘ड्रोन क्यामेरा’, उच्च क्षमताका क्यामेरा तथा अनुसन्धानमा डिजिटल प्रविधिको प्रयोग गरिएको थियो । सुरक्षा अवस्थाअनुसार सङ्गठनात्मक कमान्ड संरचना व्यवस्थित गर्दै प्रदेश स्तरमा प्रहरी अतिरिक्त महानिरीक्षकको नेतृत्वमा सुरक्षा कमान्ड खडा गरिएको थियो भने जिल्ला स्तरमा वरिष्ठ प्रहरी अधिकृतहरू र सिनियर प्रहरी अधिकृतहरूलाई परिचालन गरिएको थियो ।
सुरक्षा व्यवस्थापनका दृष्टिले विभिन्न सुरक्षा निकायबीचको समन्वयलाई पनि प्रभावकारी बनाइएको थियो । नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागसँग संयुक्त रूपमा सुरक्षा निगरानी, जोखिम मूल्याङ्कन तथा सम्भावित विवाद समाधानका लागि सहकार्य गरिएको प्रहरीले जनाएको छ ।
विसं २०७९ को निर्वाचनका क्रममा देशका विभिन्न जिल्लामा राजनीतिक दलका कार्यकर्ता तथा समर्थकबीच झडपका घटना भएका थिए । बाजुरा, रुकुम र कालीकोटमा भएका झडपमा आठ जनाको मृत्यु भएको थियो भने इलाम, सर्लाही, दोलखा, दाङ, नवलपरासी पश्चिम, हुम्ला, धादिङ, ललितपुर, तनहुँ, म्याग्दी, खोटाङ र भोजपुरमा गरी दुई दर्जनभन्दा बढी व्यक्ति घाइते भएका थिए । विभिन्न स्थानमा विस्फोटक पदार्थ राख्ने प्रयास तथा मतदान अवरोधका घटनासमेत भएका थिए । तर २०८२ सालको निर्वाचनमा भने त्यस्ता गम्भीर प्रकृतिका घटना देखिएन, भएन । मतदान केन्द्रहरूमा व्यवस्थित तथा कडा सुरक्षा प्रबन्ध मिलाइएकाले ठूलो झडप वा हिंसात्मक घटना हुन नपाएको सुरक्षा विज्ञहरूको भनाइ छ ।
केही स्थानमा सामान्य तनाव उत्पन्न भए पनि सुरक्षाकर्मीले तत्काल नियन्त्रणमा लिई अवस्था सामान्य बनाएका थिए । संविधानविद् तथा कानुन व्यवसायी सूर्य अधिकारीका अनुसार निर्वाचन शान्तिपूर्ण हुनुमा प्रभावकारी सुरक्षा व्यवस्थापन प्रमुख कारण हो । उनले राज्यका सुरक्षा निकाय, निर्वाचन व्यवस्थापन र प्रशासनबीचको समन्वय प्रभावकारी भएकाले निर्वाचन सहज रूपमा सम्पन्न भएको बताए ।
त्यसैगरी, सुरक्षा विश्लेषक तथा त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक उमेशचन्द्र रिजालले विगतका अनुभवका आधारमा सुरक्षा रणनीति परिमार्जन गरिएकाले जोखिम न्यूनीकरणमा सफलता मिलेको बताए । अधिकारकर्मी लक्ष्मी केसीले निर्वाचन अवधिभर सुरक्षाकर्मीले उच्च जिम्मेवारीका साथ भूमिका निर्वाह गरेकाले कुनै ठूलो दुर्घटना वा हिंसात्मक घटना हुन नपाएको बताइन् । उनका अनुसार यसले नेपालको लोकतान्त्रिक अभ्यासमा सकारात्मक सन्देश दिएको छ ।
नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबि नारायण काफ्लेका अनुसार निर्वाचन सुरु हुनुअघि नै देशभरका मतदान केन्द्रहरूलाई संवेदनशील, अति संवेदनशील र सामान्य गरी वर्गीकरण गरी सुरक्षा योजना तयार पारिएको थियो । उनले विभिन्न सुरक्षा निकायसँगको संयुक्त परिचालन र समन्वयका कारण सम्भावित जोखिमहरू नियन्त्रण गर्न सफल भएको बताए ।
मानवीय क्षतिको दृष्टिले पनि २०७९ को तुलनामा २०८२ को निर्वाचन उल्लेखनीय रूपमा शान्तिपूर्ण देखिएको सुरक्षा निकायको निष्कर्ष छ । विगतमा देखिएका झडप, विस्फोटक पदार्थ राख्ने प्रयास तथा मतदान अवरोधजस्ता घटनाहरू यस पटक दोहोरिन नपाएको हो । समग्रमा निर्वाचन आयोग, सुरक्षा निकाय, प्रशासन, राजनीतिक दल तथा मतदाताबीचको सहकार्य र जिम्मेवार भूमिकाका कारण २०८२ सालको प्रतिनिधिसभा निर्वाचनलाई नेपालको लोकतान्त्रिक अभ्यासमा शान्तिपूर्ण तथा व्यवस्थित निर्वाचनका रूपमा स्थापित गर्न सफल भएको छ ।
अनुशासित परिचालन, प्रभावकारी सुरक्षा रणनीति र नेतृत्वदायी भूमिकाका कारण नेपाल प्रहरीले निर्वाचनलाई सुरक्षित वातावरणमा सम्पन्न गराउन महत्वपूर्ण योगदान दिएको ठहर गरिएको छ । प्रहरी महानिरीक्षक कार्कीले नेतृत्व सम्हालेपछि सङ्गठनको व्यावसायिक क्षमता, प्रविधिमैत्री कार्यशैली तथा सङ्गठनात्मक समन्वयमा सुधार देखिएको छ । यसपटकको निर्वाचनमा पहिलो सुरक्षा घेरामा रहेर काम गरेको प्रहरी सङ्गठनले देखाएको सक्रियता र प्रभावकारी व्यवस्थापनलाई सुरक्षा क्षेत्रका विज्ञहरूले नेतृत्वको सफलताको उदाहरणका रूपमा समेत लिएका छन् । रासस

# समानुपातिकमा ५ वटा दल मात्रै राष्ट्रिय दल बन्न अग्रसर

**मधेशदृष्टि**
**काठमाडौँ ।**
समानुपातिक प्रणालीमा देशभरि करिब २५ प्रतिशत मतगणना भइरहँदा पाँच वटा राजनीतिक दलहरू मात्रै ‘राष्ट्रिय दल’ बन्न अग्रसर देखिएका छन् । निर्वाचन आयोगले सार्वजनिक गरेको पछिल्लो विवरण अनुसार, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेपका एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले ३ प्रतिशतको थ्रेसहोल्ड कटाएका हुन् ।
प्रतिनिधिसभामा राष्ट्रिय दल बन्न प्रत्यक्षतर्फ कम्तीमा एक सिट र समानुपातिकमा तीन सिट कटाउनुपर्छ । रास्वपा, कांग्रेस, एमाले अहिलेकै अवस्थामा राष्ट्रिय दल बनिसकेका छन् ।

# मधेशकेन्द्रित दल...

विजयी भए । कतिपय क्षेत्रमा त मधेशवादी दलका उम्मेदवारहरूको जमानतसमेत जफत हुने अवस्था देखिएको छ।
महोत्तरी–२ मा जसपा नेपालका वरिष्ठ नेता शरतसिंह भण्डारी दोश्रो स्थानमा छन्, जहाँ रास्वपाका दीपककुमार साह उल्लेख्य मतान्तरले विजयी भए। महोत्तरी–३ मा महन्थ ठाकुरको परम्परागत आधार क्षेत्र मानिने ठाउँमा यसपटक उनकी छोरी डा. मीनाक्षी झाले उम्मेदवारी दिएकी थिइन्। तर उनी अत्यन्त न्यून मतसहित पछाडि परिन्।
मधेश आन्दोलनबाट जन्मिएका यी दलहरूले २०६४ को संविधानसभा निर्वाचनमा उल्लेखनीय सफलता हासिल गरेका थिए । त्यसपछि २०७०, २०७४, २०७९ हुँदै पाँचौं पटक २०८२ को निर्वाचनमा सहभागी भएका छन् । सुरुमा आन्दोलनको शक्ति बोकेर आएका यी दलहरू समयक्रममा सत्ताको खेलमै बढी केन्द्रित भए। सत्तामा भागबन्डा, पद र शक्तिको राजनीति हाबी हुँदा जनताले अपेक्षा गरेका मुद्दाहरू कार्यान्वयन हुन सकेनन्।
विश्लेषक विजयकान्त कर्णका अनुसार मधेश आन्दोलनपछि राज्यसँग भएका सम्झौताहरू कार्यान्वयन गराउनेतर्फ दलहरूले पर्याप्त ध्यान दिन सकेनन्। राजनीति विश्लेषकहरूका अनुसार यसपटकको चुनावी परिणाममा बालेन साहको प्रभाव पनि महत्वपूर्ण कारक बनेको देखिन्छ । पुराना राजनीतिकर्मी भरतविमल यादवका अनुसार बालेन शाहको लोकप्रियताले मधेशवादी दललाई तुलनात्मक रूपमा बढी क्षति पु¥याएको छ । ‘धेरै मतदातालाई उनको पार्टी वा राजनीतिक पृष्ठभूमिबारे स्पष्ट जानकारी नहुँदा पनि ‘मधेशकै छोरा प्रधानमन्त्री बन्न सक्छ’ भन्ने सन्देशले प्रभाव पारेको देखिन्छ,’ उनले बताए।
यता मनिष सुमन लगायतका नेताहरूले भने यस परिणामलाई ‘बालेन लहर’ को प्रभावका रूपमा व्याख्या गरेका छन्। उनका अनुसार उक्त लहरले लगभग सबै दललाई असर गरेको छ। यसपटकको चुनावी परिणाम मधेशवादी दलहरूका लागि गम्भीर आत्ममूल्यांकनको अवसर हो।
मतदाताले अब केवल मुद्दा उठाउने राजनीति मात्र होइन, त्यसको कार्यान्वयन पनि देख्न चाहेको स्पष्ट संकेत दिएको उनीहरूको भनाई छ।
यदि दलहरूले नीतिगत स्पष्टता, सुशासन र जनसेवामा सुधार ल्याउन सकेनन् भने आगामी दिनमा उनीहरूको राजनीतिक भविष्य अझ कठिन बन्न सक्ने विश्लेषकहरूको निष्कर्ष छ।

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय, वीरगंज
प्रदेशस्तरिय निबन्ध प्रतियोगिता
मधेश प्रदेश
नेपाल बीमा प्राधिकण मधेश प्रदेश कार्यालयबाट बीमा सचेतना तथा बीमा प्रवर्द्धनको लागि मधेश प्रदेश भित्र प्रदेश स्तरीय निबन्ध प्रतियोगिता सञ्चालन हुन गइरहेको जानकारी गराउदछौ । उक्त निबन्ध प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीले तोकिएको शिर्षकमा उल्लेखित नियमहरुको अधिनमा रही आफ्नो निबन्ध नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयमा पेश गर्न हुन जानकारी गराउदछौ ।
निबन्धको शिर्षक
"मधेश प्रदेशको ग्रामीण अर्थतन्त्र सुदृढीकरणमा बीमा को भूमिका"
(Role of Insurance in Strengthening the Rural Economy of Madhesh Pradesh)
नियमहरु
१. प्रतियोगितमा सहभागी हुने प्रतिस्पर्धी स्नातक तह अध्यनरत रहेको हुनु पर्नेछ । प्रतियोगी मधेश प्रदेश भित्रको कलेज तथा विश्वविद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।
२. लेखनको भाषा नेपाली वा अंग्रजी मध्ये एक हुनु पर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अंग्रेजी भाषा भए Times New Roman १२ फन्ट साइजमा हुनु पर्नेछ ।
३. निबन्ध बढीमा १५०० शब्दको हुनु पर्नेछ ।
४. प्रतियोगीताको सूचना प्रकाशन भएको मितिले ४५ दिन भित्र निबन्ध उपलब्ध गराउनु पर्नेछ ।
५. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरणको मधेश प्रदेश कार्यालयको मेल आइडी infomp@nia.gov.np मा पेश गर्नुपर्नेछ । निबन्ध पेश गर्दा प्रतियोगिको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफरिस पत्र संग्लन गरी पठाउनु पर्नेछ ।
६. पेश हुन आएको निबन्धलाई विषय विज्ञ बाट मुल्याङ्कन गराइने छ । निबन्धको मुल्यांकन मापदण्ड निम्न बमोजिम रहेको छ ।

| क्र.सं | मापदण्ड | गुणांक (%) | विवरण |
|---|---|---|---|
| १ | विषयसँग सम्बन्ध | ४० प्रतिशत | मुख्य विषयवस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० प्रतिशत | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० प्रतिशत | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० प्रतिशत | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/शुद्धलेखन | १० प्रतिशत | त्रुटिरहित लेखन |

७. उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५००० द्वितीय रु. १०००० र तृतीय रु. ५००० का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।
८. पुरस्कार रकममा लाग्ने कर रकम कट्टा गरी प्रदान गरिनेछ ।
९. माथि उल्लेखित शर्तहरु पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिनेछैन ।
१०. प्राप्त निबन्धहरुको सर्वाधिकार (Copyright) प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरुलाई व्यावसायिक प्रयोजन बाहेकका आफ्ना कुनै पनि प्रकाशन वा गतिविधिमा उपयोग गर्न सक्नेछ ।
११. प्राधिकरणबाट सञ्चालित यस अघिका निबन्ध प्रतियोगितामा विजयी प्रतियोगीहरुले यस प्रतियोगितामा सहभागी हुन पाउने छैन ।
१२. प्रतियोगितामा सहभागीहरुले मिति २०८२ साल चैत्र २७ गते भित्र निवेदन दिन सक्नेछ ।
१३. निबन्ध सञ्चालन उप समितिको निर्णय नै निबन्ध सम्बन्धी अन्तिम निर्णय हुनेछ ।
नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय
वीरगंज महानगरपालिका, पर्सा
051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube/Linked In: Nepal Insurance Authority
Scan

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालय,वीरगंज
बीमा सम्बन्धी प्रदेश स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्बन्धी सूचना
सूचना प्रकाश मिति: २०८२/११/१३
नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र विद्यार्थी तथा सर्वसाधारणमा बीमाको महत्व बुझाउने उद्देश्यले "प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२" आयोजना गर्न लागिएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र विद्यालयको पत्र मार्फत मनोनयन गरिएका तीन(३)जना विद्यार्थीको नाम, समूहको नेतृत्वकर्ताको नाम र विद्यालयको विद्यार्थी परिचय खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरणको इमेलमा पठाउनहुन अनुरोध गरिन्छ ।
कार्यक्रमको नाम: प्रदेश स्तरीय बीमा हाजिरी जवाफ प्रतियोगिता-२०८२
सहभागी हुन पाउने : मधेश प्रदेश भित्रका १०+२ मा अध्ययनरत विद्यार्थी र एउटा विद्यालयको एउटा मात्र समूह हुनुपर्ने।
प्रतियोगिताको नियम : प्रचलित मान्यता बमोजिम हुनेछ।
प्रतियोगिताको विषयवस्तुहरु:

| विषयहरू | अङ्कभार |
|---|---|
| नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी। | १० प्रतिशत |
| बीमा व्यवसाय सम्बन्धी जानकारी(जीवन बीमा, निर्जीवन बीमा, पुर्नबीमा र लघुबीमा) | ५० प्रतिशत |
| बीमा सम्बन्धी कानूनी व्यवस्था सम्बन्धी सामान्य जानकारी | १० प्रतिशत |
| बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| बीमाका अन्तर्राष्ट्रिय अभ्यास | १० प्रतिशत |

इमेल ठेगाना: infomp@nia.gov.np
सहभागीताको लागि आवेदन दिने अन्तिम मिति: २०८२/१२/२७ गते बेलुकी ५ बजे सम्म।
पुरस्कारको व्यवस्था:
प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. २०,०००/-
द्वितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १५,०००/-
तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रू. १०,०००/-
थप जानकारीका लागि नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश कार्यालय,वीरगंज,पर्सा
सम्पर्क नं. ०५१-५९१०६२/६३ सम्पर्क गर्न तथा कार्यालयको वेबसाइट: www.nia.gov.np हेर्न अनुरोध गरिन्छ ।
पुनश्च: उक्त प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार नेपाल बीमा प्राधिकरण,मधेश प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।
नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालय
वीरगंज महानगरपालिका, पर्सा
051-591062/63, 9855012441 | E-mail: infomp@nia.gov.np | Website: www.nia.gov.np
Facebook/Youtube/Linked In: Nepal Insurance Authority
Scan

# जनकपुरधामको थप उन्नयमा मेरो उच्च प्राथमिकता रहनेछः झा



**धनुषा ।**
धनुषा ३ बाट नव निर्वाचित प्रतिनिधिसभा सदस्य मनिष झाले जनकपुरधामको विकास, सरसफाइ तथा अन्तरराष्ट्रिय पहिचानलाई नयाँ उचाइमा पुर्‍याउने बताएको छ ।
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रवक्ता समेत रहेका उनले निर्वाचित भएपछि पहिलोपटक जनकपुर रेल्वे स्टेशनमा आयोजित सभालाई सम्बोधन गर्दै प्राप्त मत केवल विजयको प्रतीकमात्र नभई ठूलो जिम्मेवारी भएको उल्लेख गरे । उनले आफू सत्ताको शक्ति र राजधानीको आकर्षणमा अल्झिने 'भिआइपी' नेता बन्न नभई जनताको सुखदुःखमा साथ दिने वास्तविक प्रतिनिधिका रूपमा काम गर्न आएको स्पष्ट पारे ।
उनले जनकपुरको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वलाई विश्वव्यापी रूपमा स्थापित गर्न आफ्नो कार्यकालमा विशेष पहल गर्ने बताए । विशेषगरी जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउन आवश्यक प्रक्रिया र कूटनीतिक पहललाई प्राथमिकतामा राख्ने उनको भनाइ छ । जनकपुरधाममा पछिल्लो समय देखिएको सरसफाइको समस्या समाधान गर्नु आफ्नो मुख्य 'एजेन्डा'मध्ये एक रहेको स्पष्ट पार्दै उनले स्थानीय तह र नागरिकसँग सहकार्य गरी सहरलाई सफा, व्यवस्थित र आकर्षक पर्यटकीय नगरीका रूपमा विकास गर्ने योजना अघि सारे ।
विजयपछि उत्साहित आफ्ना कार्यकर्तालाई संयमित रहन आग्रह गर्दै उनले निर्वाचनलाई प्रतिशोध नभई स्वस्थ लोकतान्त्रिक प्रतिस्पर्धाका रूपमा लिनुपर्ने बताए । उनले कसैप्रति पनि अहंकार वा दम्भ प्रदर्शन नगर्न सचेत गराउँदै अब सबै मिलेर क्षेत्रको विकासमा केन्द्रित हुनुपर्नेमा जोड दिए ।
धनुषा–३ बाट फराकिलो मतान्तरसहित विजयी भएका ४५ वर्षीय झाले ४३ हजार १४२ मत प्राप्त गरे भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका विमलेन्द्र निधिले १५ हजार ९९२ मत प्राप्त गरेको छ । यसअघि २०७९ सालको निर्वाचनमा उनी राष्ट्रिय स्वतन्त्र पार्टीकै समानुपातिक सांसदका रूपमा प्रतिनिधिसभामा थिए । प्रतिनिधिसभाको तीनवर्षे अवधिमा उनले करिब ९५ प्रतिशत उपस्थिति जनाउनुका साथै सार्वजनिक लेखा समितिको सदस्यका रूपमा पनि काम गरेको थियो । रास्वपामा आबद्ध हुनुअघि उनी नेपाली कांग्रेसमा सक्रिय राजनीतिमा संलग्न थिए ।
फ्याक्टस नेपालका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृतसमेत रहेका झाले राजनीतिशास्त्रमा स्नातकोत्तर र मैथिली साहित्यमा पनि स्नातकोत्तर अध्ययन गरेको छ ।
आगामी दिनमा जनकपुरको समग्र विकासका लागि आफू सक्रिय रहने बताउँदै उनले निर्वाचनका क्रममा गरेका प्रतिबद्धताहरूलाई प्राथमिकतामा राखेर काम अघि बढाउने बताए । "सरकारी कार्यालयका सेवालाई चुस्तदुरुस्त बनाइनेछ । जनकपुरलाई विवाह (बैवाहिक) गन्तव्यका रूपमा विकास गर्ने योजना अघि बढाइनेछ, उनले भने । त्यसैगरी, रामजानकी रङ्गशालाको स्तरोन्नति, जनकपुर विमानस्थलको सुधार तथा जनकपुर रेल्वे सेवाको स्तरोन्नतिलाई पनि प्राथमिकतामा राखेर काम गरिने उनले जानकारी दिए । उनका अनुसार यी योजनाले जनकपुरको पर्यटन, आर्थिक गतिविधि र अन्तरराष्ट्रिय पहिचानलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । रासस

# पराजय स्वीकार्दै रुपेश पाण्डेको प्रतिबद्धता जनताको सेवामा निरन्तर सक्रिय रहने



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–३ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार रुपेश कुमार पाण्डेले निर्वाचन परिणामलाई सम्मानपूर्वक स्वीकार गर्दै क्षेत्रको विकास र नागरिकको अधिकारका पक्षमा आफू निरन्तर सक्रिय रहने प्रतिबद्धता व्यक्त गरेका छन् । निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भएपछि जारी गरिएको वक्तव्यमा पाण्डेले लोकतान्त्रिक व्यवस्थामा जनताको निर्णय नै सबैभन्दा महत्वपूर्ण हुने उल्लेख गरेका हुन् । उनले आफूलाई विश्वास गरेर मत प्रदान गर्ने मतदाता, चुनावी अभियानमा दिनरात खटिएका समर्थक, कार्यकर्ता तथा शुभेच्छुकहरूप्रति हार्दिक धन्यवाद प्रकट गरेका हुन् ।
पाण्डेले निर्वाचनमा हार व्यवहोर्नु परेपनि यसले आफ्नो राजनीतिक यात्रालाई रोकिने अवस्था नबनाउने स्पष्ट पारेका छन् । बरु यस अनुभवले अझ जिम्मेवार, परिपक्व र समर्पित भएर जनताको सेवामा लाग्न प्रेरित गरेको उनको भनाइ छ । 'सदनमा प्रतिनिधित्व नभएपनि पर्सा–३ का नागरिकको अधिकार र क्षेत्रको विकासका लागि मेरो आवाज समाज र सडक दुवै ठाउँमा निरन्तर उठिरहनेछ,' उनले उल्लेख गरेका छन् ।
यस अवसरमा उनले सोही क्षेत्रबाट विजयी भएका रामाकान्त चौरसियालाई बधाई दिँदै सफल कार्यकालको शुभकामना पनि व्यक्त गरेका छन् । साथै पर्सा–३ को समग्र विकास र जनसरोकारका विषयमा आफूले आवश्यक सहयोग र रचनात्मक खबरदारी निरन्तर गर्दै जाने प्रतिबद्धता पनि जनाएका छन् ।
पाण्डेले निर्वाचन प्रक्रियालाई व्यवस्थित र सफल बनाउन महत्वपूर्ण भूमिका खेलेका निर्वाचन आयोग नेपाल, सुरक्षा निकाय तथा सम्पूर्ण सरोकारवाला निकायप्रति पनि आभार प्रकट गरेका छन् । उनले आफ्नो राजनीतिक निष्ठा र जनसेवाको अभियान आगामी दिनमा पनि निरन्तर जारी रहने विश्वास व्यक्त गरेका छन् ।

# सिरहा १, ३ र ४ मा रास्वपाका उम्मेदवार विजयी



**मधेशदृष्टि**
**सिरहा ।**
सिरहा १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट बब्लु गुप्ता प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् । उनले ४१ हजार ३३३ मत प्राप्त गरी विजयी भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।
निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका रामसुन्दर चौधरी नौ हजार ७८४ मत ल्याएका थिए । नेकपा (एमाले)का रामशङ्कर यादवले सात हजार ८६६ मत प्राप्त गरेका थिए । यहाँ नेपाली कम्युनिस्ट पार्टीका रामचन्द्र यादवले दुई हजार ८५३ मत पाउँदा जसपा नेपालका सत्यनारायण यादवले दुई हजार २८५ मत पाएका छन् । नवनिर्वाचित सांसद गुप्ता निवर्तमान युवा तथा खेलकुदमन्त्री हुन् ।
यसैगरि सिरहा ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार शम्भुकुमार यादव प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । यस क्षेत्रका निर्वाचन अधिकृत डा. श्रीप्रकाश उप्रेतीका अनुसार यावदले ३२ हजार २४९ मत प्राप्त गरी विजयी भएका हुन् ।
निर्वाचनमा यादवका निकटतम प्रतिस्पर्धीमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का लीलानाथ श्रेष्ठले १० हजार १५६ मत प्राप्त गरेका छन् । त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार विश्वनाथ साहले नौ हजार ९४२ मत प्राप्त गर्दा नेपाली कांग्रेसका उम्मेदवार सुभाषचन्द्र यादवले नौ हजार ८७९ मत प्राप्त गरी चौथो स्थानमा छन् ।
यस निर्वाचन क्षेत्रमा कुल एक लाख १९ हजार २५० मतदातामध्ये ७६ हजार ४३० मत खसेको थियो । यहाँ विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए ।
यता सिरहा ४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार तपेश्वर यादव प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । यस क्षेत्रका मुख्य निर्वाचन अधिकृत शिव वाग्लेका अनुसार यादवले ३६ हजार २१० मत प्राप्त गरी विजयी भएका हुन् ।
निर्वाचनमा यादवका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का अजयशङ्कर नायकले सात हजार ९७२ मत प्राप्त गरे । यस्तै जनमत पार्टीका डा. वीरेन्द्रप्रसाद महतोले पाँच हजार ४१ मत प्राप्त गर्दै तेस्रो स्थान हासिल गर्दा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का धर्मनाथ साह चार हजार २२७ मतसहित चौथो स्थानमा रहे ।
यस निर्वाचन क्षेत्रमा कुल एक लाख छ हजार ६८६ मतदातामध्ये ७० हजार ७७ मत खसेको थियो । सो क्षेत्रमा विभिन्न राजनीतिक दल तथा स्वतन्त्र गरी जम्मा ३७ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए ।

# रौतहट–२ बाट कांग्रेसका डा. आलम निर्वाचित



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट निर्वाचन क्षेत्र नम्बर–२ बाट नेपाली कांग्रेस का उम्मेदवार डा. मो. फिरदोश आलम प्रतिनिधिसभा सदस्यमा विजयी भएका छन् । गत आइतबार सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उनले २९ हजार ५२८ मत प्राप्त गर्दै प्रतिस्पर्धी उम्मेदवारहरूलाई पछाडि पार्दै जित हासिल गरेका हुन् । निर्वाचन अधिकृत सीताराम खड्काका अनुसार आलमले निकटतम प्रतिस्पर्धी नेपाल कम्युनिष्ट पार्टीका उम्मेदवार किरणकुमार साहलाई उल्लेखनीय मतान्तरले पराजित गरेका छन् । साहले यस निर्वाचनमा १८ हजार ४४२ मत प्राप्त गरेका छन् ।
प्रतिनिधिसभामा निर्वाचित भएका आलम पूर्वमन्त्री तथा कांग्रेस नेता आफताब आलमका पुत्र हुन् । यस क्षेत्रको राजनीतिक प्रतिस्पर्धामा उनी सुरुदेखि नै अग्रस्थानमा देखिएका थिए । अन्तिम मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार शेख सगिरले ९ हजार ३२५ मत प्राप्त गरेका छन् । त्यस्तै जनता समाजवादी पार्टी नेपालका उम्मेदवार रामअशिष राय यादवले २ हजार ९६० मतसहित चौथो स्थान हासिल गरेका छन् । नेकपा (एमाले) का उम्मेदवार मोहम्मद अतिउल्लाहले २ हजार ३८२ मत प्राप्त गरेका छन् ।
निर्वाचन अधिकृत खड्काका अनुसार यस क्षेत्रमा कुल १ लाख ८ हजार ८७२ मतदाता रहेका थिए । तीमध्ये ७१ हजार ५४६ जनाले मतदानमा भाग लिएका थिए । खसेको मतमध्ये ६६ हजार १४४ मत सदर भएको छ भने ५ हजार ४०२ मत बदर भएको जनाइएको छ । यस नतिजासँगै रौतहट–२ मा कांग्रेसले प्रतिनिधिसभामा आफ्नो उपस्थिति कायम राख्न सफल भएको छ ।

# महोत्तरीको चारै क्षेत्रमा रास्वपाको एतिहासिक जीत

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यहाँका चार प्रतिनिधिसभा क्षेत्रमा रास्वपाका उम्मेदवार निर्वाचित भएका छन् । मतपरिणामअनुसार महोत्तरी–१ क्षेत्रबाट प्रमोदकुमार महतो विजयी भएका छन् । महतो ३४ हजार ६३६ मत प्राप्त गरी निर्वाचित भएका हुन् । महतोका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका गिरीराजमणि पोखरेलले १२ हजार ६२४ मत प्राप्त गरेको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । १२ राजनीतिक दल र १३ स्वतन्त्रसमेत २५ उम्मेदवार रहेको यस क्षेत्रमा नेकपा (एमाले)का लक्ष्मी महतो कोइरीले छ हजार ५९१ र नेपाली कांग्रेसका मुकेशराज काफ्लेले छ हजार २१३ मत प्राप्त गरेका छन् ।
यसैगरी, महोत्तरी–२ मा रास्वपाकै दीपककुमार साह ३२ हजार ७३२ मत प्राप्त गरी निर्वाचित भएका छन् । उनका निकटतम प्रतिस्पर्धी जनता समाजवादी पार्टीका शरतसिंह भण्डारीले १० हजार १९८ र नेपाली कांग्रेसका किरण यादवले नौ हजार ७४५ मत प्राप्त गर्नुभएको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिए ।
यता महोत्तरी क्षेत्र नं ३ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उज्ज्वलकुमार झा ३२ हजार ४५१ मतसहित विजयी भएका छन् । उनका प्रतिस्पर्धी नेपाल सङ्घीय समाजवादी पार्टीका मुहमद रिजवानले पाँच हजार ९६९ र स्वतन्त्र उम्मेदवार रामआधार कापरले चार हजार ७९० मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीले जानकारी दिए ।
जिल्लामा १५ राजनीतिक दल र २६ स्वतन्त्र गरी ४१ जना उम्मेदवारबीच चुनावी प्रतिस्पर्धा भएको थियो । यो क्षेत्रमा नेपाली कांग्रेसका बजरङ्ग नेपालीले चार हजार ३४२ र जनता समाजवादी पार्टी नेपालका मिनाक्षी ठाकुरले तीन हजार ९४६ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृतको कार्यालय, महोत्तरीले जनाएको छ ।
यस क्षेत्रका एक लाख १० हजार ४३६ मतदाता रहेकामा ६४ हजार ४८८ मत खसेको थियो । खसेको मतमध्ये ५९ हजार ४७८ सदर र पाँच हजार १० मत बदर भएको मुख्य निर्वाचन अधिकृत अधिकारीले जानकारी दिए ।
यसैगरि प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत महोत्तरीको निर्वाचन क्षेत्र नं ४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की उम्मेदवार गौरी कुमारी निर्वाचित भएकी छिन् । मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार निर्वाचन क्षेत्र नं ४ को आज सम्पन्न मतगणनाअनुसार गौरी कुमारीले ३० हजार १३२ मत ल्याएर विजयी भएकी हुन् । उनका प्रतिस्पर्धी जनता समाजवादी पार्टी (जसपा)का उम्मेदवार सुरेन्द्रकुमार यादवले आठ हजार ७४५ मत ल्याएका थिए । नेपाल कम्युनिष्ट पार्टी (एमाले)की उम्मेदवार निलम अधिकारीले छ हजार ९४४, नेपाली कांग्रेसका महेन्द्रकुमार रायले छ हजार १९२ मत ल्याएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

## सर्लाही–४ मा रास्वपाका अमरेशकुमार सिंह विजयी

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सर्लाही निर्वाचन क्षेत्र नम्बर–४ बाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार अमरेशकुमार सिंह विजयी भएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणामअनुसार सिंहले ३५ हजार ६८८ मत प्राप्त गर्दै विजय हासिल गरेका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले २२ हजार ८३८ मत प्राप्त गरेको निर्वाचन अधिकृत विनोदप्रसाद घिमिरेले जानकारी दिए ।
रास्वपाका सिंहले मतगणनाको प्रारम्भदेखि नै अग्रता कायम राख्दै अन्ततः स्पष्ट मतान्तरसहित जित हात पार्न सफल भएका हुन् । यसैगरी नेकपा (एमाले) का उम्मेदवार अमनिशकुमार यादवले ९ हजार ३४३ मत प्राप्त गरेका छन् । नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार रजनिश राय यादवले १ हजार ४०१ मत पाएका छन् भने जनमत पार्टीका उम्मेदवार राकेश मिश्राले १ हजार ५७२ मत प्राप्त गरेका छन् ।
निर्वाचन अधिकृतका अनुसार एक लाख २१ हजार १२ जना मतदाता रहेको यस निर्वाचन क्षेत्रमा ७७ हजार ९३१ मत खसेको थियो ।

# सर्लाही ३ र ४ मा रास्वपाका साह एवं सिंह विजयी

**मधेशदृष्टि**
**सर्लाही ।**
प्रतिनिधिसभा निर्वाचनअन्तर्गत सर्लाही ३ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार नरेन्द्र साह कलवार विजयी भएका छन् । निर्वाचन अधिकृत नवराज आचार्यका अनुसार उनले ४६ हजार ८९० मत प्राप्त गर्दा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार नारायणकाजी श्रेष्ठले १३ हजार ३३८ मत प्राप्त गरेका थिए । रास्वपाका साह यस क्षेत्रमा पनि मतगणनाको प्रारम्भिक चरणदेखि नै अग्रता कायम गरेका थिए ।
नवनिर्वाचित साहले ३३ हजार ५५२ मतान्तरले विजयी भएका हुन् । निर्वाचन परिणाम अनुसार नेकपा (एमाले)का उम्मेदवार हरिप्रसाद उप्रेतीले पाँच हजार ७७६, नेपाली कांग्रेसका उम्मेदवार विनोद खनालले छ हजार ६२४ र उज्यालो नेपाल पार्टीका उम्मेदवार त्रिभुवनकुमार सिंहले दुई हजार ६२२ मत प्राप्त गरेका थिए । शुक्रबार बिहानबाट सुरु भएको मतगणना आइतबार बिहान सम्पन्न भएको निर्वाचन अधिकृत आचार्यले जानकारी दिए ।
साहलाई तेस्रो प्रयासमा सफलता
आसन्न निर्वाचनमा विजयी भएका साहलाई तेस्रो प्रयासमा सफलता मिलेको छ । दोस्रो संविधानसभाका समानुपातिक सदस्य साहले २०७४ मा स्वतन्त्र उम्मेदवारी दिएका थिए । तर, तत्कालीन माओवादी केन्द्रका नेता रामेश्वर राय यादवसँग उनी पराजित भएका थिए । साहले २०७९ मा तत्कालीन माओवादी केन्द्रबाटै चुनावी मैदानमा होमिएका थिए ।
त्यतिबेला पनि उनी झिनो मतान्तरले एमालेका उम्मेदवार उप्रेतीसँग पराजित भए । निरन्तर प्रतिनिधिसभा निर्वाचनमा मैदानमा होमिदै आएका उनले यसपटक भने उम्मेदवारी दर्ताको मुखैमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट टिकट लिएर आएका थिए ।
यसपटक भने उनले प्रत्यक्षतर्फबाट संसद् यात्रा तय गर्न सफल भएका हुन् । एक लाख ३४ हजार ४१२ जना मतदाता रहेको यस क्षेत्रमा ८२ हजार २७२ मत खसेको थियो ।
यता प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत सर्लाही ४ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार अमरेशकुमार सिंह विजयी भएका छन् । निर्वाचनको अन्तिम मतपरिणाम अनुसार उनले ३५ हजार ६८८ मत प्राप्त गर्नु हुँदा उनको निकटतम नेपाली कांग्रेस सभापति गगनकुमार थापाले २२ हजार ८३८ मत प्राप्त गरेका थिए । रास्वपाका सिंहले यस क्षेत्रमा मतगणनाको प्रारम्भदेखि नै अग्रता कायम गरेका थिए ।
नेकपा (एमाले)का उम्मेदवार अमनिशकुमार यादवले नौ हजार ३४३, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का उम्मेदवार रजनिश राय यादवले एक हजार ४०१ र जनमतका उम्मेदवार राकेश मिश्राले एक हजार ५७२ मत प्राप्त गर्नुभएको निर्वाचन अधिकृत विनोदप्रसाद घिमिरेले जानकारी दिए । एक लाख २१ हजार १२ जना मतदाता रहेका यस क्षेत्रमा ७७ हजार ९३१ मत खसेको थियो ।

सम्पादकीय

# जिम्मेवारी पूरा भयोः
# अब लोकतन्त्रको भरोसा जोगाउने चुनौती !

गत भदौमा भएको जेनजी आन्दोलन पछि बनेको अस्थायी सरकारको मुख्य जिम्मेवारी थियो 'समयमै आवधिक निर्वाचन सम्पन्न गराउनु' । राजनीति अस्थिरता, दलहरूप्रति घट्दो जनविश्वास र सुरक्षा चुनौतीबीच गठन भएको सरकारका लागि यो सामान्य कार्य थिएन । तर अन्ततः निर्वाचन समयमै सम्पन्न हुनु स्वयंमा लोकतान्त्रिक प्रक्रियाको एउटा महत्वपूर्ण उपलब्धि हो।

निर्वाचनको जिम्मेवारी पूरा गरेपछि गृहमन्त्री ओमप्रकाश अर्यालले आफूले ठूलो भार हल्का भएको अनुभूति गरेको बताएका छन् । वास्तवमा उनको अभिव्यक्तिले पछिल्ला महिनाहरूको चुनौतीपूर्ण परिस्थितिलाई संकेत गर्छ । जेनजी आन्दोलनका क्रममा कैदी भाग्ने, हातहतियार लुटिने जस्ता घटनाले देशको सुरक्षा अवस्थालाई अस्थिर बनाएको थियो । त्यही समयमा आम नागरिकमा निर्वाचन समयमै हुन्छ कि हुँदैन भन्ने संशय पनि गहिरो थियो।

यस्तो परिस्थितिमा सुरक्षा व्यवस्थापन गर्दै शान्तिपूर्ण निर्वाचन सम्पन्न गराउनु गृहमन्त्रालयका लागि ठूलो परीक्षा थियो । गृहमन्त्री अर्यालले यस प्रक्रियामा सामूहिक निर्णय प्रणाली अपनाइएको बताएका छन् । परम्परागत रूपमा 'पावर एक्सरसाइज' को केन्द्र मानिने गृहमन्त्रालयलाई उनले 'शान्ति व्यवस्थापनको मन्त्रालय' जस्तो अनुभव गरेको अभिव्यक्ति पनि अर्थपूर्ण छ । यसले राज्यसञ्चालनमा आदेशमुखी शैलीभन्दा सहकार्य र समन्वयको आवश्यकता अझ प्रष्ट बनाउँछ । यस क्रममा प्रधानमन्त्री सुशीला कार्कीको नेतृत्व, राष्ट्रपतिको निर्देशन तथा सुरक्षा निकाय र निजामती प्रशासनको सहकार्यले निर्वाचन सम्भव भएको कुरा पनि उल्लेखनीय छ । प्रायः आलोचनाको केन्द्र बन्ने निजामती संयन्त्रले संकटको घडीमा आफ्नो क्षमता देखाएको तथ्यलाई पनि बेवास्ता गर्न सकिँदैन।

तर यो उपलब्धिसँगै केही महत्वपूर्ण सन्देश पनि जोडिएका छन् । गत पुसमा मधेश क्षेत्रमा देखिएको साम्प्रदायिक तनाव समयमै नियन्त्रणमा नआएको भए निर्वाचनको वातावरण बिग्रिन सक्थ्यो । यसले लोकतान्त्रिक प्रक्रियालाई सुरक्षित राख्न राज्य संयन्त्र सधैं सजग रहनुपर्ने पाठ पनि दिएको छ । अहिले देशभरको अधिकाँश स्थानमा परिणाम पनि आइसकेका छन् । तर निर्वाचन सम्पन्न हुनु मात्र अन्तिम लक्ष्य होइन । वास्तविक परीक्षा त त्यसपछि सुरु हुन्छ 'जनताको मतलाई सम्मान गर्दै स्थिर, उत्तरदायी र जनमुखी सरकार गठन गर्ने' । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारको जिम्मेवारी निर्वाचनसम्म सीमित थियो, र त्यो जिम्मेवारी पूरा भएको छ । अब नयाँ सरकारका सामु सबैभन्दा ठूलो चुनौती लोकतन्त्रप्रतिको जनविश्वास पुनः मजबुत बनाउने हो । किनभने लोकतन्त्रको सार केवल निर्वाचन होइन, जनताको अपेक्षालाई व्यवहारमा उतार्ने राजनीतिक इच्छाशक्ति पनि हो।

# अन्तर्राष्ट्रिय महिला दिवसः
# अन्धकारमा ज्योति बाल्न सङ्घर्षरत महिला

**काठमाडौं।**
नेपालमा महिलाहरूमा दृष्टिविहीनताको भार पुरुषभन्दा बढी छ । अध्ययनका अनुसार पुरुषभन्दा महिलामा १.३ प्रतिशत गुणाले अन्धोपना हुनसक्ने जोखिम छ । पुरुषभन्दा महिलामा मोतियाबिन्दु, उमेर–सम्बन्धित म्याकुलर डिजेनेरेसन (एएमडी) र आँखा सुक्खा आँखा हुने समस्या बढी देखिन्छन् । महिलामा आँखाको समस्या बढी हुने भए पनि उपचारमा महिलाको पहुँच निकै कम छ । अनुसन्धानका नतिजाले भन्छ, 'विभिन्न आर्थिक तथा सामाजिक कारणले पुरुषका तुलनामा महिलामा अन्धोपनको समस्या बढी छ । नेपालमा ४० हजार बढी दृष्टिविहीन रहेकामा झन्डै ६० प्रतिशत महिला रहेका छन् ।'

दृष्टि क्षमता कम भएका मानिसमध्ये आधाभन्दा बढी महिला नै छन् । आँखा स्वास्थ्यमा महिलाको पहुँच नहुनुमा गरिबी, जनचेतनाको कमी, यातायातको असुविधा, निर्णय लिन नसक्नु, पारिवारिक जिम्मेवारी बढी, आर्थिक परनिर्भरता हुनु आदि रहेको बताइन्छ।

**अब्बल महिला नेतृत्वः आँखा स्वास्थ्य सेवामा प्रेरक योगदान**

स्वास्थ्य क्षेत्र विशेषगरी आँखा स्वास्थ्य सेवाको विस्तार र अन्धोपन न्यूनीकरणमा महिलाले नेतृत्व तहमा पुगेर उल्लेखनीय भूमिका निर्वाह गरिरहेका छन् । नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित विभिन्न आँखा अस्पतालमा कार्यरत महिला 'चिफ मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' तथा अस्पताल व्यवस्थापन समितिका महिला अध्यक्षले संस्थागत विकास, गुणस्तरीय सेवा प्रवाह, जनशक्ति उत्पादन र समुदायमा पहुँच विस्तारमा प्रेरणादायी भूमिका निर्वाह गरिरहेका छन्।

**प्रा. डा. सविना श्रेष्ठ (अस्पताल व्यवस्थापन समिति अध्यक्ष, कीर्तिपुर आँखा अस्पताल)**

प्रा. डा. सविना श्रेष्ठ वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा बाल नेत्ररोग क्षेत्रमा विशिष्ट दक्षता हासिल गरेकी चिकित्सक छिन् । नेपाल नेत्रज्योति सङ्घ, कीर्तिपुर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्षका रूपमा उनले नेतृत्वदायी भूमिका निर्वाह गर्दै अस्पताल व्यवस्थापन, संस्थागत सुदृढीकरण, सेवा विस्तार र गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पु¥याइ रहेकी छिन् । बङ्गलादेशबाट 'एमबिबीएस'को अध्ययन गरेकी प्रा. डा. श्रेष्ठले राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा 'एमडी' तह पूरा गरेकी हुन् । साथै बाल नेत्ररोगसम्बन्धी 'फेलोसिप' भारतको 'भेन्यु आइ इन्स्टिच्युट एन्ड रिसर्च सेन्टर'बाट हासिल गरेकी छिन् । उनको नेतृत्वमा कीर्तिपुर आँखा अस्पतालले गुणस्तरीय तथा पहुँचयोग्य आँखा सेवा प्रवाहलाई प्राथमिकता दिँदै समुदायमुखी कार्यक्रम विस्तार गरेको छ।

आँखा सेवा कार्यक्रम, आँखा शिविर, जनचेतना अभियान तथा सामुदायिक पहुँच विस्तारमा उनको सक्रिय सहभागिताले ग्रामीण तथा दुर्गम क्षेत्रमा आँखाको उपचार सेवा पुग्न सहयोग पु¥याएको छ । उनी भन्छिन्, 'बाल नेत्ररोग तथा दृष्टि दोषसम्बन्धी समयमै पहिचान र उपचारको पहुँचमा ल्याउनुपर्छ । यसका लागि समुदाय तथा विद्यालयमा आँखा जाँचलाई थप विस्तार गरिनुपर्छ ।' सन् २०२५ मा नेपाल नेपाल अप्थाल्मिक सोसाइटीद्वारा प्रदान गरिएको 'लाइफटाइम एचिभमेन्ट अवार्ड'सहित विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सम्मान उनले प्राप्त गरेकी छिन् । चिकित्सा सेवासँगै साहित्य, चित्रकला र सङ्गीतमा सक्रिय रहँदै आएकी उनी भन्छिन्, 'महिला शक्ति परिवर्तनको आधार हो । घर, कार्यस्थल र समाजमा हाम्रो समर्पण र नेतृत्वले नै उज्यालो भविष्य निर्माण गर्दछ । महिलाले अधिकारका लागि लड्नुभन्दा आफ्नो कार्यदक्षताबाट नै आफूलाई अगाडि बढाउनु पर्दछ, आउनुहोस् आत्मविश्वास र सहकार्यका साथ अघि बढौँ, दिएरै प्राप्त गर्ने सफलताको यात्रामा ।' समर्पण, नेतृत्व क्षमता र सामाजिक उत्तरदायित्वप्रतिको प्रतिबद्धताले प्रा. डा. श्रेष्ठलाई नेपालमा अन्धोपन न्यूनीकरण अभियान र महिला नेतृत्वको सशक्त उदाहरणका रूपमा स्थापित गरेको छ।

**डा. सुलक्ष्मी कटुवाल (चिफ मेडिकल डाइरेक्टर, आँखा स्वास्थ्य कार्यक्रम राप्ती तथा बहादुरगञ्ज)**

डा. सुलक्ष्मी कटुवाल आँखा स्वास्थ्य सेवा क्षेत्रमा अब्बल नेत्ररोग विशेषज्ञका रूपमा स्थापित छिन् । उनका अनुसार हालसम्म उनले करिब एक लाखभन्दा बढी शल्यक्रिया गरिसकेकी छिन् । जसमा करिब ९१ हजार 'एसआइसीएस', पाँच हजार 'फेको', एक हजार 'अकुलोप्लास्टी' तथा तीन हजार अन्य समावेश छन् । साथै उनले करिब १० लाखभन्दा बढी आँखा बिरामीलाई बहिरङ्ग (ओपीडी) सेवा प्रदान गरि सकेकी छिन्।

दुर्गम तथा पहुँच बाहिरका समुदायमा अन्धोपन न्यूनीकरणका लागि विभिन्न शल्य शिविरहरूमा 'टिमलिडर'का रूपमा सक्रिय सहभागिता जनाउँदै आएकी उनले अस्पतालको विकास र व्यवस्थापनका विभिन्न चरणहरूमा अग्रणी भूमिका निर्वाह गर्दै आएकी छिन् । उनी भन्छिन्, '२१औँ शताब्दी महिला सशक्तीकरणको युग हो । आज महिलाले गर्न नसक्ने कुनै क्षेत्र छैन । परिवार र समाजको विकासका लागि महिला सशक्तीकरण अपरिहार्य छ । समाजमा परिवारको साथ र समझदारीले मात्र महिला सशक्तीकरणलाई सुदृढ बनाउन सक्छ । महिला शक्तिलाई कहिल्यै पनि कम आँक्न सकिँदैन।'

सन् १९९९ मा रुसको ट्भेर स्टेट मेडिकल युनिभर्सिटीबाट 'एमबिबीएस' अध्ययनपश्चात उनले सन् २००७ मा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा एम.डी. उपाधि हासिल गरेकी छिन् । सन् २०११ मा भारतको कोयम्बटोरमा फेको–इमल्सिफिकेसन तालिम तथा सन् २०१४ मा तिलगङ्गा आँखा प्रतिष्ठानबाट अकुलोप्लास्टी फेलोसिप पूरा गरेकी हुन् । सन् २००७ मा राप्ति आँखा अस्पतालमा नेत्ररोग विशेषज्ञका रूपमा सेवा सुरुआत गरेकी डा. कटुवालले 'डेपुटी मेडिकल डाइरेक्टर', 'मेडिकल डाइरेक्टर' हुँदै सन् २०१५ देखि 'चिफ मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हालि रहेकी छिन्।



**प्रा. डा. सुशीला पटेल चौधरी (चिफ मेडिकल डाइरेक्टर, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान)**

नेपाल नेत्रज्योति सङ्घ लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानकी चिफ मेडिकल डाइरेक्टर प्रा. डा. सुशीला पटेल चौधरी वरिष्ठ नेत्ररोग विशेषज्ञ तथा कोर्निया रोग उपचारमा चिकित्सक छिन् । उनले हालसम्म ४० हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसकेकी छिन् भने करिब दुई लाख बिरामीलाई उपचार सेवा प्रदान गरिसकेकी हुन् । अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उनले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा १८ वैज्ञानिक लेख प्रकाशितसमेत गरिसकेकी छिन्।

सन् २०२४ मा बङ्गलादेशमा भएको विद्रोह क्रममा आँखामा चोटपटक लागेका बिरामीको उपचारसमेत उनले उल्लेखनीय भूमिका निर्वाह गरिन् । उनी भन्छिन्, 'चुनौतीपूर्ण र संवेदनशील परिस्थितिमा समेत मैले उच्च व्यावसायिक दक्षता, संयमता र मानवीय समर्पणका साथ बङ्गलादेशमै गई आँखा उपचार सेवा प्रदान गरेँ।'

अस्पताल व्यवस्थापन, गुणस्तरीय शल्यक्रिया सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालनमार्फत समुदायमा पु¥याएको योगदानले उनलाई एक सक्षम महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ।

'महिलाहरूले कार्यस्थल, घरपरिवार तथा समुदाय सबै क्षेत्रमा पूर्ण समर्पण र अथक परिश्रमका साथ आफ्नो भूमिका निर्वाह गर्दै आएका छन्', प्रा.डा. चौधरी भन्छिन्, 'विभिन्न चुनौती र कठिनाइको सामना गर्दै निरन्तर मेहेनत र दृढताका साथ अघि बढ्दा महिलाहरूले आज कार्यस्थलमा मात्र होइन, घर र समाजमा पनि सम्मानित र प्रतिष्ठित स्थान हासिल गर्न सफल भएका छन् । महिलाको शक्ति उनको सहनशीलता, प्रतिबद्धता र निरन्तर प्रयासमा निहित छ।'

डा. चौधरीले एमबिबीएस भारतको किङ जर्ज मेडिकल कलेज, लखनउबाट र एमडी (नेत्ररोग) बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट सम्पन्न गरेकी हुन् । कोर्निया तथा बाह्य रोगसम्बन्धी विशिष्ट फेलोसिप तालिम अरबिन्द आइकेयर सिस्टम र ऋबकभथ आइ इन्स्टिच्युटबाट हासिल गरेकी छिन् । हाल लुम्बिन नेत्रविज्ञान अध्ययन संस्थानमा 'चिफ मेडिकल डाइरेक्टर'का रुपमा कार्यरत उनले पाँच वर्षभन्दा बढी संस्थानको शैक्षिक कार्यक्रम निर्देशकका रूपमा नेपालको आँखा उपचार जनशक्तिको उत्पादनमा महत्वपूर्ण योगदानसमेत पुऱ्याएकी छिन्।

**डा. बबिता गुरुङ (मेडिकल डाइरेक्टर, हिमालय आँखा अस्पताल)**

नेपाल नेत्रज्योति सङ्घ, हिमालय आँखा अस्पताल पोखराकी 'मेडिकल डाइरेक्टर' डा. बबिता गुरुङ अनुभवी नेत्ररोग विशेषज्ञ छिन् । उनले हालसम्म करिब १७ हजारभन्दा बढी आँखाका बिरामीको शल्यक्रिया गरिसकेकी छिन् भने करिब एक लाख ५३ हजारभन्दा बढी बिरामीलाई आँखा उपचार सेवा प्रदान गरेकी छिन् । विभिन्न स्वास्थ्यकर्मी तथा चिकित्सकहरूलाई तालिम तथा मार्गदर्शन प्रदान गर्नुका साथै विभिन्न आँखाका शल्यक्रिया शिविरमार्फत समेत सेवा प्रवाह गर्दै आएकी छिन्।

अस्पताल व्यवस्थापन, गुणस्तरीय आँखा उपचार सेवा, जनशक्ति उत्पादन तथा ग्रामीण क्षेत्रमा शल्यक्रिया शिविर सञ्चालनमार्फत समुदायमा पु¥याएको योगदानले नेत्र विशेषज्ञ डा. गुरुङलाई एक अब्बल महिला नेतृत्वका रूपमा स्थापित गरिसकेको छ । अनुसन्धान क्षेत्रमा सक्रिय रहँदै उनले राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा विभिन्न अनुसन्धानात्मक लेखहरू प्रकाशनसमेत गरिसकेकी छिन् । उनी भन्छिन्, 'महिलाहरूमा समय, स्रोत, मार्गदर्शन र लगानी गर्नु घाटा होइन, समग्र समाजका लागि लाभ हो । समान अधिकार सुनिश्चित गर्दै लैङ्गिक हिंसा अन्त्य, शिक्षा र आर्थिक अवसरमा समान पहुँच स्थापना गर्नु आजको आवश्यकता हो । न्यायपूर्ण समाज निर्माणमार्फत नै सबैका लागि प्रगति र समृद्धि सम्भव छ।'

नेत्र विशेषज्ञ डा. गुरुङले सन् २००१ मा बङ्गलादेशको युएसटिसीबाट 'एमबिबीएस' उपाधि हासिल गरेकी छिन् भने सन् २००९ मा त्रिभुवन विश्वविद्यालय, बिपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्र काठमाडौँबाट 'एमडी' (नेत्ररोग) अध्ययन सम्पन्न गरेकी थिइन् । सन् २०१५ अप्रिलदेखि जुलाइसम्म तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौँमा कोर्निया तथा केराटोप्लास्टी सम्बन्धी फेलोसिप तालिमसमेत प्राप्त गरेकी छिन् । त्यस्तै उनी सन् २०२२ देखि पोखरा विश्वविद्यालयको सहप्राध्यापकका रुपमा कार्यरत छिन्।

सन् २००९ देखि हिमालय आँखा अस्पताल, पोखरामा कार्यरत रहँदै आएकी छिन् । आकस्मिक सेवा तथा शल्यक्रिया शिविर व्यवस्थापन विभाग प्रमुख, डेपुटी मेडिकल डाइरेक्टर हुँदै उनले ६ फेब्रुअरी २०२५ देखि 'मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हालेकी हुन्।

**डा. पुष्पा गिरी (चिफ मेडिकल डाइरेक्टर भरतपुर आँखा अस्पताल)**

नेपाल नेत्रज्योति सङ्घ भरतपुर आँखा अस्पतालकी 'चिफ मेडिकल डाइरेक्टर' 'एसोसिएट प्रोफेसर' डा. पुष्पा गिरी नेत्ररोग विशेषज्ञ छिन् । उनले हालसम्म २० हजारभन्दा बढी दृष्टि पुनःस्थापना गर्ने शल्यक्रिया सम्पन्न गरेकी छिन् भने एक लाखभन्दा बढी बिरामीलाई बहिरङ्ग (ओपिडी) सेवा प्रदान गरिसकेकी छिन् । एक सयभन्दा बढी शल्यक्रिया शिविर सञ्चालन तथा सहभागितामार्फत पाँच हजारभन्दा बढी ग्रामीण बासिन्दालाई दृष्टि प्रदान गर्नुका साथै हजारौँ बिरामीलाई उपचार सेवा उपलब्ध गराइसकेकी छिन्।

आँखा उपचार सेवाका साथै उनी अनुसन्धान क्षेत्रमा समेत सक्रिय रहँदै राष्ट्रिय तथा अन्तरराष्ट्रिय जर्नलहरूमा मधुमेहजन्य 'रेटिनोप्याथी', 'कोर्निया रोग', 'रिफ्र्याक्टिभ सर्जरी', 'क्याटर्याक्ट सर्जरी' परिणामलगायत विषयमा विभिन्न शोधपत्रहरूसमेत प्रकाशन गरिसकेकी छिन् । उनको नेतृत्वमा अस्पतालले क्लिनिकल सेवा सुदृढीकरण, पहुँच कार्यक्रम विस्तार तथा दुर्गम क्षेत्रमा सेवा विस्तारमा उल्लेखनीय प्रगति हासिल गरेको छ । साथै उनले कम्बोडियामा समेत आँखा स्वास्थ्य क्षमता अभिवृद्धिमा योगदान पु~याएकी छिन् । उनी भन्छिन्, 'स्वास्थ्य क्षेत्रमा कार्यरत महिला केवल सेवा प्रदत्तमात्र होइनन्, परिवर्तनका संवाहक पनि हुन् । जब महिलालाई सशक्त बनाउँछौँ, राष्ट्र नै सशक्त बन्छ । स्वास्थ्य सेवा सबैका लागि पहुँचयोग्य बनाउन सङ्घर्षरत महिलाको शक्ति, धैर्यता र करुणाको सम्मान गर्दछु ।'

सन् २०२४ मे १४ देखि सो अस्पतालको 'चिफ मेडिकल डाइरेक्टर'को जिम्मेवारी सम्हाल्दै आएकी डा. गिरीले सन् २००६ मा कलेज अफ मेडिकल साइन्सेस, चितवन (काठमाडौँ विश्वविद्यालय)बाट एमबिबीएस तथा सन् २०१३ मा सोही संस्थाबाट एमडी (नेत्ररोग) उपाधि हासिल गरेकी हुन् । सन् २०१५ मा नेपाल नेत्रज्योति सङ्घको सञ्जालअन्तर्गत भरतपुर आँखा अस्पतालमा आबद्ध भएकी उनले क्लिनिकल सेवा, शिक्षण तथा सामुदायिक आँखा स्वास्थ्य क्षेत्रमा योगदान पु¥याएकी छिन् । सन् २०२० मा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स) अन्तर्गत सहायक प्राध्यापक तथा सन् २०२५ मा एसोसिएट प्राध्यापकमा पदोन्नति भई रेजिडेन्ट, फेलो तथा मिड–लेभल नेत्र स्वास्थ्यकर्मीहरूको तालिममा भूमिका निर्वाह गरिरहेकी छिन्।

कोर्निया सेवाको आवश्यकता महसुस गर्दै उनले विश्वप्रसिद्ध एलएआइसीओ (अरविन्द आइकेयर सिस्टम) बाट कोर्निया तथा बाह्य नेत्ररोगसम्बन्धी फेलोसिप तालिम लिएकी छिन् । यसपछि तिलगङ्गा आँखा प्रतिष्ठानसँग सहकार्य गरी कोर्नियल टिस्यु सङ्कलन प्रारम्भ गरेकी छिन् भने भरतपुर आँखा अस्पतालमा पूर्ण विकसित आँखा बैंक स्थापना गरी अहिले यसको नेतृत्व गरिरहेकी छिन्।

**डा. रिमा शाह (मेडिकल सुपरिन्टेन्डेन्ट, बर्दिया आँखा अस्पताल)**

डा रिमा शाह युवा नेत्ररोग विशेषज्ञको रुपमा चिनिन्छिन् । उनी २०२५ जुलाई २१ देखि नेपाल नेत्रज्योसित सङ्घ, बर्दिया आँखा अस्पताल, सानोश्री तारातालमा मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा कार्यरत छिन् । उनले हालसम्म तीन सय मोतियाबिन्दु शल्यक्रिया, १८० 'प्टेरिजियम' शल्यक्रिया तथा ७० साना शल्यक्रिया गरिसकेकी छिन् भने १२ हजार ५०० भन्दा बढी बिरामीलाई ओपिडी सेवा प्रदान गरिसकेकी छिन् । उत्साह, समर्पण र गुणस्तरीय सेवाप्रतिको प्रतिबद्धतासहित डा. शाहले ग्रामीण क्षेत्रमा आँखा स्वास्थ्य सेवा सुदृढ गर्दै अन्धोपन न्यूनीकरण अभियानमा संलग्न छिन्।

उनी भन्छिन्, 'महिलाहरूको प्रगति, सहनशीलता र शक्तिलाई सम्मान गर्न चाहन्छु । नेत्ररोग विशेषज्ञका रूपमा मेरो काम दृष्टिको वरिपरि केन्द्रित छ । तर दृष्टि केवल चिकित्सकीय शब्दमात्र होइन, यो महिलाले दैनिक रूपमा देखाउने दूरदृष्टि, दृढता र सङ्कल्पको प्रतीक पनि हो । आउनुहोस्, जीवनका हरेक क्षेत्रमा समान अवसर प्रवर्द्धन गर्दै एकअर्कालाई सशक्त बनाऔँ।'

सन् २०१८ मा ढाका विश्वविद्यालयअन्तर्गत सहिद सुहरावर्दी मेडिकल कलेज अस्पताल बङ्गलादेशबाट 'एमबिबीएस' अध्ययन पूरा गरेकी डा. शाहले सन् २०२४ मा बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट नेत्ररोग विषयमा 'एमडी' उपाधि हासिल गरेकी छिन् । समुदायस्तरमा सेवा विस्तारमा सक्रिय रहँदै उनले बङ्गलादेश र नेपालका ग्रामीण क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविरमा सेवा पु¥याउँदै आएकी छिन्।

**डा. बेबिका फुयाँल ( मेडिकल सुपरिन्टेन्डेन्ट पाल्पा लायन्स लाकौल आँखा अस्पताल)**

डा. बेबिका फुयाँल युवा नेत्ररोग विशेषज्ञ छिन् । उनले त्रिभुवन विश्वविद्यालय किस्ट मेडिकल कलेजबाट 'एमबिबीएस' तथा काठमाडौँ विश्वविद्यालयअन्तर्गत काठमाडौँ मेडिकल कलेजबाट नेत्ररोग विषयमा एमडी उपाधि हासिल गरेकी छिन् । हाल उनी नेपाल नेत्रज्योति सङ्घ पाल्पा लायन्स लाकौल आँखा अस्पतालमा मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा कार्यरत रहँदै ग्रामीण तथा दुर्गम क्षेत्रमा रोकथाम गर्न सकिने अन्धोपनविरुद्ध सक्रिय रूपमा काम गरिरहेकी छिन् । हालसम्म उनले एक हजार ५०० भन्दा बढी मोतियाबिन्दु शल्यक्रिया सम्पन्न गरेकी छिन् भने सयौँ 'टेरिजियम' तथा आकस्मिक शल्यक्रिया गरेकी छिन्।

दैनिक रूपमा करिब १०० भन्दा बढी आँखाका बिरामीलाई 'ओपिडी' सेवा प्रदान गर्दै उनी पाल्पा, गुल्मी र अर्घाखाँची जिल्लाका ग्रामीण क्षेत्रमा प्रत्येक महिना दुईतीनवटा शल्यशिविर सञ्चालन तथा समन्वय गरिरहेकी छिन् । मेडिकल सुपरिन्टेन्डेन्टका रूपमा उनी अस्पतालको क्लिनिकल सुपरीवेक्षण, प्रशासनिक व्यवस्थापन, गुणस्तर सुनिश्चितता, बिरामी सुरक्षा तथा रणनीतिक योजना निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेकी छिन् । उनी समुदायसँग सहकार्य, जनचेतना अभिवृद्धि तथा रोकथाममुखी दृष्टिकोणमार्फत दृष्टिदोष भएका व्यक्तिहरूको जीवनस्तर सुधारमा लागिरहेकी छिन् । उनी भन्छिन्, 'ग्रामीण नेपालमा सेवा गर्दै गर्दा म दृष्टिको परिवर्तनकारी शक्तिलाई प्रतिदिन अनुभव गर्छु । विशेषगरी दुर्गम क्षेत्रका महिलाहरूले गुणस्तरीय आँखा सेवा पाउनुपर्छ भन्ने मेरो प्रतिबद्धता हो । महिलाहरूले विभिन्न अवरोधलाई तोड्दै अघि बढौँ, एकअर्कालाई सशक्त बनाऔँ र उज्यालो भविष्य निर्माण गरौँ।'

**मञ्जु कण्डेल, (अस्पताल व्यवस्थापन समिति अध्यक्ष डा विनोद निता कण्डेल आँखा अस्पताल)**

समाजसेवी मञ्जु कण्डेल नेपालमा सामुदायिक आँखा स्वास्थ्य सेवा र अन्धोपन न्यूनीकरण अभियानमा अब्बल महिला नेतृत्वका रूपमा परिचित छिन् । हाल नेपाल नेत्रज्योति सङ्घ केन्द्रीय कार्यसमितिकी सहकोषाध्यक्ष समेत रहेकी उनले २०६३ कात्तिक १४ गतेदेखि नेपाल नेत्रज्योति सङ्घ डा. विनोद निता कण्डेल आँखा अस्पतालको अस्पताल व्यवस्थापन समितिको अध्यक्षका रूपमा निरन्तर नेतृत्वमा रहँदै संस्थागत सुदृढीकरण, सेवा विस्तार र गुणस्तरीय व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकी छिन्।

उनले अन्धोपन न्यूनीकरण, निःशुल्क आँखा शिविर सञ्चालन, समुदाय–केन्द्रित सचेतना कार्यक्रम विस्तार तथा ग्रामीण क्षेत्रमा सेवा पहुँच अभिवृद्धिमा नेतृत्वदायी योगदान पु¥याएकी छिन् । उनको कार्यकालमा अस्पताललाई प्राथमिक आँखा उपचार केन्द्रबाट स्तरोन्नति गरी सेकेन्डरी लेभल अस्पतालमा रूपान्तरण गरिएको छ । अध्यक्ष कण्डेल भन्छिन्, 'अस्पतालमा रेटिना सबस्पेशालिटी र फेको प्रविधिबाट शल्यक्रिया सेवा सुरुआत भएको छ।'

उनी भन्छिन्, 'सबै महिला र बालिकाका लागि समानता, सम्मान तथा सुरक्षित वातावरण सुनिश्चित गर्दै सशक्त महिलामार्फत स्वस्थ र समृद्ध समाज निर्माणमा अस्पताल व्यवस्थापन समिति तथा सम्पूर्ण अस्पताल परिवार सदैव प्रतिबद्ध रहनेछ ।' दूरदृष्टि, प्रतिबद्धता र सेवाभावका साथ नेतृत्व गर्दै उनले आँखा स्वास्थ्य क्षेत्रमा महिला नेतृत्वको सशक्त उदाहरण प्रस्तुत गर्नुका साथै अन्धोपन न्यूनीकरण अभियानलाई नयाँ उचाइमा पु¥याउन कण्डेलले योगदान दिएकी छिन् । रासस

# महिला सशक्त भए राष्ट्र समृद्धिको मार्गमा अगाडि बढ्छः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले महिलाविरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र उत्पीडनको अन्त्य गर्ने काममा आ–आफ्नो क्षेत्रबाट योगदान गर्न सबैलाई आह्वान गरेका छन् ।

एक सय ११६औँ अन्तर्राष्ट्रिय महिला दिवस (आठ मार्च) का अवसरमा आईतबार शुभकामना व्यक्त गर्दै उनले परम्पराका नाममा समाजमा रहेका खराब अभ्यास एवं प्रथाको कारण किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसाका घटना बढ्ने जस्ता प्रथालाई निर्मूल गर्न थप प्रभावकारी एवं सिर्जनात्मक कार्यक्रम आयोजना गर्नुपर्ने आवश्यकता औँल्याएका छन् ।

सन्देशमा भनिएको छ, जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिला सशक्त भएमा सिङ्गो परिवार, समाज र समग्र राष्ट्र नै समृद्धिको मार्गमा अगाडि बढ्ने हुँदा यसतर्फ विशेष ध्यान पु¥याउन जरुरी छ । संविधानले अवलम्बन गरेको समानुपातिक समावेशी सिद्धान्त, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा महिलाको अर्थपूर्ण प्रतिनिधित्व र नेतृत्व स्थापित गर्न कोशे ढुङ्गा साबित भएको उल्लेख गर्दै राष्ट्रपति पौडेलले लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण एवं निर्णय प्रक्रिया, राजनीति जस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समान रूपमा सुनिश्चित हुनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रपति पौडेलले शुभकामना सन्देशमा भने, यस दिवसले हामी सबैलाई महिलाहरूको हक, अधिकार,



समानता, सशक्तीकरण तथा सम्मानप्रति पूर्ण संवेदनशील भई कार्य गर्न सबैमा थप ऊर्जा, उत्साह एवं प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु । महिला अधिकार तथा लैङ्गिक समानता प्रवद्र्धनको पूर्ण प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसका रूपमा मनाउने गरिएको छ । यस वर्ष संयुक्त राष्ट्रसङ्घबाट तय भएको 'सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने आदर्श वाक्यका साथ यो दिवस मनाइरहेका छौँ । विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवं उचित सम्मान गर्ने लगायतका उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ । रासस

# महिलाको सबलीकरणले राजनीति स्थिरता सम्भवः उपराष्ट्रपति



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले समावेशी समाज निर्माणका लागि महिलामा लगानी गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । अन्तरराष्ट्रिय महिला दिवस(८ मार्च) का अवसरमा आईतबार स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली महिलाहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य तथा उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दै उनले सो आवश्यकता औँल्याएका हुन् ।

उपराष्ट्रपति यादवले पछिल्लो समय नेपाली महिलाहरूले शिक्षा, राजनीति, समाजसेवा, अर्थतन्त्र, संस्कृतिलगायत क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको उल्लेख गर्दै त्यसमा निरन्तरताले मुलुकलाई समृद्धि र प्रगतितर्फ अघि बढाउने विश्वास व्यक्त गरेका छन् । सन्देशमा भनिएको छ, महिलाको सबलीकरणले मात्र सामाजिक न्याय, आर्थिक समानता र राजनीतिक स्थिरता सम्भव हुन्छ, महिला अधिकार सुनिश्चित गर्नु मानवअधिकारको आधारस्तम्भ हो, गरिबी अन्त्य, लैङ्गिक उत्तरदायी नीति, हरित अर्थतन्त्र र सामाजिक न्यायमा केन्द्रित भएर अघि बढ्दामात्र समृद्ध नेपाल निर्माण सम्भव हुन्छ ।

महिला सशक्तीकरण, समानता, शिक्षा, स्वास्थ्य, आत्मनिर्भरता र सम्मानजनक सहभागिताका पक्षमा वकालत गर्ने यो दिवसले समाजलाई समावेशी र न्यायपूर्ण बनाउन प्रेरणा दिने उल्लेख गर्दै उनले महिलाको योगदानलाई सम्मान गर्दै विभेद, हिंसा, उत्पीडन र अन्यायपूर्ण परम्परालाई अन्त्य गर्ने संकल्प लिनुपर्ने आवश्यकता औँल्याएका छन् ।

उनले भनेका छन्, वैदिककालदेखि नै महिलालाई देवी स्वरूपमा सम्मान गरिएको हाम्रो परम्परा आज पनि जीवित छ, 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' भन्ने संस्कृत वचनले महिलाको सम्मानलाई देवत्वसँग जोडेको छ, छोरीलाई लक्ष्मीको आगमन मान्ने हाम्रो संस्कृतिले महिलाको स्थानलाई उच्च बनाएको छ, उपराष्ट्रपति यादवले अन्तरराष्ट्रिय महिला दिवसले समाजमा लैङ्गिक समानता, सम्मान, समावेशिता र प्रगतिलाई सबल बनोस् भनी कामना पनि गरेका छन् ।

महिला अधिकार तथा लैङ्गिक समानता प्रवद्र्धनको पूर्ण प्राप्तिका लागि हरेक वर्ष आठ मार्चलाई अन्तरराष्ट्रिय महिला दिवसका रूपमा मनाउने गरिएको छ । यस वर्ष संयुक्त राष्ट्रसङ्घबाट तय भएको 'सबै महिला र बालिकाको लागि अधिकार, न्याय र कार्यसहितको अवसर' भन्ने आदर्श वाक्यका साथ यो दिवस मनाइरहेका छौँ ।

विश्वभरि विभिन्न क्षेत्रमा कार्यरत महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धि स्मरण गर्दै महिलाहरूको प्रविधिमा पहुँचको विस्तार गर्ने, महिला सशक्तीकरण अभिवृद्धि गर्ने, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउने एवं उचित सम्मान गर्नेलगायतका उद्देश्यसहित अन्तरराष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ । रासस

# निर्वाचन सुशासन कायम गराउन सफलः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन सुशासन कायम भएको बताएका छन् ।

निर्वाचन आयोगको कार्यालय बहादुर भवनमा आईतबार आयोजित निर्वाचन सुरक्षा समीक्षापछि सरकारी सञ्चारमाध्यमसँग प्रतिक्रिया दिँदै उनले राजनीतिक सुशासनको जग निर्वाचन सुशासन भएकाले यसपटकको निर्वाचनमा त्यो सम्भव भएको बताए ।

वर्तमान सरकार फागुन २१ गते निर्वाचन गराउनैका लागि गठन भएकाले स्वच्छ र निष्पक्ष निर्वाचन गराएर कार्यभार सम्पन्न गराउने मार्गमा अघि बढेको जानकारी पनि गृहमन्त्री अर्यालले दिए ।

"हिंसा नभई निर्वाचन सम्पन्न भएको छ, सुदृढ सुरक्षा व्यवस्थाबीच निर्वाचन गराउने दायित्व सरकारले पूरा गरेको छ, यो निर्वाचनमा अरुका नाममा मतदान पनि भएन, समयमा निर्वाचन गराउन सरकारका सबै अङ्ग समन्वयात्मक रुपमा क्रियाशील भए, गृह मन्त्रालयमा सामूहिक नेतृत्वको अभ्यास गरी निर्वाचन समन्वयात्मक रुपमा सफल भयो, केन्द्र, प्रदेश र वडा तहसम्म समन्वयात्मक एकीकृत सुरक्षा योजना अन्तर्गत काम भयो, नेतृत्वमा विकेन्द्रीकरण गरेर निर्वाचन सम्पन्न भयो", उनले भने ।

निर्वाचन कार्यतालिका अनुसार निर्वाचन सम्पन्न गराउन आयोगले नेतृत्वदायी भूमिका खेलेकामा गृहमन्त्री अर्यालले सो अवसरमा धन्यवाद दिए । रासस

# शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्नः अर्थमन्त्री

**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वर खनालले तोकिएको समयमा निर्वाचन हुन्छ वा हुँदैन भन्ने आशङ्काकाबीच निर्वाचन आयोगले शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गरेकामा धन्यवाद दिँदै यसको सम्पूर्ण यश आयोगले पाउने बताएका छन् ।

आईतबार आयोगको कार्यालय बहादुर भवन पुगेर अर्थमन्त्री खनालले कुनै एक ठाउँमा पनि स्थगित नभई निर्वाचन सम्पन्न गरेकामा आयोगका पदाधिकारीलाई धन्यवाद दिएका हुन । जेनजी पुस्ताको आन्दोलनपछि मुलुक अशान्त भएको अवस्थामा पनि आयोगले दृढ इच्छाशक्तिले काम गरेर निर्वाचन सम्पन्न भएको बताए ।

यसअघिको निर्वाचनका क्रममा ५१ स्थानमा स्थगित भई पुनः निर्वाचन भएको अर्थमन्त्री खनालले स्मरण गरे । कैदीबन्दी फरार रहेकाले शान्तिपूर्ण रूपमा निर्वाचन हुन्छ कि हुँदैन भन्ने आशङ्काबीच आयोगले बनाएको कार्य तालिकामा कुनै पनि सम्झौता नगरी काम भएको उनले उल्लेख गरे । आयोगको प्रभावकारी कार्य तालिका र कामप्रतिको अठोटका कारण निर्वाचन सम्पन्न गराउन सकिएको अर्थमन्त्री खनालले बताए । 'लोकतन्त्रलाई बलियो बनाउन स्वच्छ रूपमा प्रतिस्पर्धा गर्नुपर्छ भन्ने भावनाको विकास गराउन पनि आयोग सफल भएको छ । एक स्थानमा पनि स्थगित नभई सफलतापूर्वक निर्वाचन सम्पन्न भएको छ, देशमा सुशासन कायम गराउने युवापुस्ताको माग निर्वाचनले सफल बनाएको छ', सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका घटनाका विषयमा छानबिन गर्न गठित आयोगले दिएको प्रतिवेदनका विषयमा यो सरकारले कार्यान्वयन गर्ने समय नहुने भएकाले मन्त्रिपरिषद्मा छलफल गरी सार्वजनिक गर्ने पहल गर्ने अर्थमन्त्री खनालले प्रतिबद्धता व्यक्त गरे । प्रतिवेदन कार्यान्वयनका लागि अब बन्ने सरकारले काम गर्ने उनको भनाइ छ । सो अवसरमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा पनि सहभागी थिए । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, सचिव कृष्णबहादुर राउतलगायत उच्च अधिकारीले मन्त्रीद्वयलाई मतगणनालगायत निर्वाचनका विषयमा जानकारी गराएका थिए । रासस

# विषम परिस्थितिमा निर्वाचन गराउन सफलः कानुनमन्त्री

**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले विषम परिस्थितिमा निर्वाचन गराउन सरकार सफल भएको बताएका छन् । आइतबार निर्वाचन आयोगमा भएको समीक्षा बैठकपछि उनले विषम अवस्थामा निर्वाचन गराउने दायित्वसहित गठन भएको सरकारले मुख्य काम सम्पन्न गरेको बताए । सुरक्षा निकायको समन्वय र सरकारले स्रोत, साधनको समयमै व्यवस्था गरिदिएर निर्वाचन सम्पन्न गराउन सहयोग गरेको मन्त्री सिन्हाको भनाइ थियो ।

विभिन्न खालका दबाब आउँदा पनि आयोगले निर्वाचन कार्यतालिकामा हेरफेर नगरी काम गरेर समयमै निर्वाचन सम्पन्न गराउन नेतृत्वदायी भूमिका खेलेको छ," उनले भने, "निर्वाचनको वातावरण बनाउन विभिन्न राजनीतिक दलसँग समन्वय भएको थियो । उनले मतदानअघि सुरक्षा निकायलाई स्वार्थ अनुकुल परिचालन नगरे राम्रो परिणाम निस्कन्छ भन्ने यो निर्वाचनबाट देखिएको समेत उल्लेख गरे । मन्त्री सिन्हाले निर्वाचनबाट असल संस्कृतिको सुरुवात भएको बताए । अब बन्ने सरकारले बदलाको भावनाले काम नगरी जनतालाई सहज सेवा दिई आर्थिक समृद्धिका लागि काम गर्नुपर्ने उनको सुझाव छ ।

नयाँ संसद् भवनमा संसद्को पहिलो बैठक

निर्वाचित सांसदको बैठक बोलाउन संसदीय मामिला मन्त्रालयले न्यूनतम् आवश्यकता पूरा गर्ने मन्त्री सिन्हाले बताए । सिंहदरबारभित्र निर्माणाधिन नयाँ संसद् भवनमै संसद्को पहिलो बैठक बोलाउने गरी तयारी भइरहेको पनि मन्त्री सिन्हाले जानकारी दिएका छन् । भोलिदेखि नै संसद्को अधिवेशन तयारीका लागि थप काम गरिने जानकारी पनि उनले बताए ।

समीक्षा बैठकमा गृहमन्त्री ओमप्रकाश अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशम्शेर राणा, आयोगका सचिव कृष्णबहादुर राउत, सुरक्षा निकायका प्रमुखलगायत उच्च अधिकारीहरुको सहभागिता थियो । रासस

# धनुषा–१ को निर्वाचन परिणाम घोषणा नगरिने

**काठमाडौँ ।**
निर्वाचन आयोगले धनुषा–१ को निर्वाचन परिणाम घोषणा नगर्ने निर्णय गरेको छ । आयोगको निर्णयअनुसार आइतबार धनुषा जिल्ला क्षेत्र नं. १ निर्वाचन अधिकृतको कार्यालयलाई पत्राचार गरिएको शाखा अधिकृत (कानून) अरुण अधिकारीले बताएका छन ।

आयोगले यही फागुन १८ गते धनुषा जिल्ला क्षेत्र नं. १ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साह 'कमल' को उम्मेदवारी कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम रहेको प्रमाण प्राप्त भएको भन्दै खारेज गर्ने निर्णय गरेको थियो । सो निर्णयका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा परी विचाराधीन रहेकाले सो सम्बन्धमा अदालतबाट आदेश नभएसम्म धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. १ को पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको मत परिणाम घोषणा नगर्नु नगराउनुहुन आयोगको आजको निर्णयअनुसार अनुरोध गरिएको उहाँले हस्ताक्षर गर्नुभएको पत्रमा उल्लेख छ ।

सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पत्र तामेल गराई सोको जानकारी आयोगसमक्ष दिन प्रदेश निर्वाचन कार्यालयलाई बोधार्थको पत्र पठाइएको पनि शाखा अधिकृत (कानून) अधिकारीले बताए । रासस

# 'महिलाको अर्थपूर्ण उपस्थितिका लागि शिक्षा स्वास्थ्यमा लगानी बढाउनुपर्छ'

**काठमाडौँ ।**
महिला अधिकारकर्मीहरूले महिला सशक्तीकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् । ११६औँ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा आईतबार प्रधानमन्त्री कार्यालयमा आयोजित कार्यक्रममा सहभागीहरूले मुलुक निर्माणमा महिला सहभागिता अर्थपूर्ण बनाउन राज्यले अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा सहभागी महिला तथा मानव अधिकारकर्मीले महिला सशक्तीकरणका लागि आर्थिक, शैक्षिक, सामाजिकलगायत पक्षमा महिला सक्षम हुनुपर्ने भएकाले राज्य र सरोकार भएका निकायले शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा पर्याप्त लगानी वृद्धि गरी अवसर सिर्जना गर्नुपर्नेमा जोड दिएका हुन् । राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाहरू अझै पनि अवसरबाट वञ्चित रहेका उदाहरण दिँदै चेतना र मानव जागरणका लागि सबैको सहकार्य र समन्वयमा अभियान सञ्चालन गर्नुपर्ने बताए ।

उनले कानुन निर्माण गरेर मात्रै समानता सुनिश्चित नहुने बताउँदै कार्यान्वयनको पक्षमा राज्यले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे । राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले तुलनात्मक रूपमा महिलाको क्षमता र पहुँचमा विकास भए पनि हिंसा, असमानता र अमानवीय क्रूरताबाट अझै पीडित रहेको बताए । महिला समानता शब्दमा मात्र सीमित नराखी नीतिमा स्पष्टता आवश्यक रहेकामा उनले जोड दिए ।

समाजमा दुई महिनाकी बच्चीदेखि ८० वर्षकी आमासमेत सुरक्षित छैनन्', उनले भने, 'महिला सशक्तीकरणका लागि राज्यले शिक्षा, स्वास्थ्य, सीप विकासका क्षेत्रमा लगानी बढाउनुपर्छ । प्रभावकारी कानुन निर्माण गरी कार्यान्वयन गर्नु, चेतनाकोस्तर वृद्धिका लागि अभियान पनि सँगसँगै सञ्चालन गर्नुपर्छ ।

महिला अधिकारकर्मी चाँदनी जोशीका अनुसार घरमा महिलाले परिवार सम्हाल् नसक्नु भनेको मुलुकका लागि सह जनशक्ति निर्माण गर्न योगदान दिनु हो भने ।

गृहिणी भएर परिवारको जिम्मेवारी महिलाले उठाइदिँदा महिलाले राज्य निर्माण सहयोग गरिरहेका हुन्छन् । यसलाई संस्थागत मान्यता दिन जरुरी छ', उनले भने । उनले राज्यले महिलामाथि अपेक्षा गरेअनुसारको लगानी पनि गर्न आवश्यक रहेको बताए । रासस

# लैङ्गिक समानतामूलक राष्ट्र निर्माण आवश्यकताः मन्त्री श्रेष्ठ

**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठले महिलाको हक अधिकार सुनिश्चित गर्दै लैङ्गिक समानतामूलक राष्ट्र निर्माणको यात्रामा अघि बढ्नु आजको आवश्यकता रहेको बताएका छन् ।

आज ११६औँ अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले लैङ्गिक समानता र महिला सशक्तीकरणको उद्देश्य पूरा गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, निर्णय प्रक्रिया र राजनीति जस्ता राज्यका हरेक क्षेत्रमा महिलाहरूको पहुँच समान रूपमा सुनिश्चित हुनुपर्नेमा उनले जोड दिइन् ।

महिलाका अधिकार स्थापित गर्ने विषयसहित सुरु भएको महिला आन्दोलनले विभिन्न आरोह अवरोह पार गर्दै 'सबै महिला र बालिकाको अधिकार, न्याय र कार्यसहितको अवसर' दिवस मनाइएको उनको भनाइ छ ।



महिलाहरूको आर्थिक, राजनीतिक र सामाजिक उपलब्धिहरूलाई स्मरण गर्दै महिलाहरूलाई सम्मान, निर्णय प्रक्रियामा पहुँचको विस्तार, महिला सशक्तीकरण अभिवृद्धि, लैङ्गिक असमानता र हिंसाजन्य क्रियाकलाप निर्मूल गर्ने, महिलालाई शिक्षित र आत्मनिर्भर बनाउँदै लैङ्गिक समानता कायम गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै आइएको छ', शुभकामना सन्देशमा भनिएको छ ।

उनले नेपालको संविधानको धारा–३८ मा महिलामाथि हुने अत्याचार, शोषण, दमन र हिंसा जस्ता लैङ्गिक विभेद र अमानवीय व्यवहारहरू अन्त्य गरी पुरुष र महिलाबिच समानताको प्रत्याभूति गर्न महिलाको हक सुनिश्चित गरेको उल्लेख गरिन् । रासस

# सात महिनामा साढे ८ अर्ब बढिको अलैँची निर्यात



**झापा ।**
झापाको मेची भन्सार कार्यालयबाट चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्ममा अलैँची निर्यात ५९ दशमलव ८० प्रतिशतले बढेको छ । कार्यालयको तथ्यांक अनुसार उक्त अवधिमा आठ अर्ब ६१ करोड २० लाख सात हजार बराबरको अलैँची निर्यात भएको हो । चालु आवको दश महिनाको अवधिमा चार हजार १५३ दशमलव १५ मेट्रिकटन अलैँची निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए । अघिल्लो आव २०८१/८२ को सोही अवधिमा रु पाँच अर्ब ३८ करोड ८० लाख २० हजार बराबरको अलैँची निर्यात भएको थियो । कार्यालयको तथ्यांक अनुसार चालु आवको दश महिनामा चियाको निर्यात २६ दशमलव ७० प्रतिशतले घटेको छ ।

उक्त अवधिमा दुई अर्ब ३२ करोड १२ लाख ५६ हजार मूल्य बराबरको चिया निर्यात भएको छ । आव २०८१÷८२ को सोही अवधिमा रु तीन अर्ब १६ करोड ६२ लाख १३ हजार बराबरको चिया निर्यात भएको सूचना अधिकारी हुमागाईंले जानकारी दिए । कार्यालयको तथ्यांक अनुसार निर्यात हुने मुख्य वस्तुमा भेनियर सिट ९१ दशमलव १० प्रतिशत, छुर्पी ६३ दशमलव ३० प्रतिशत, अदुवा, सुठो एक सय एक दशमलव ८० प्रतिशत, काउली, ब्रोकाउली र बन्दागोपी ३६ दशमलव १० र मुसुरो दाल ३१६ दशमलव २० प्रतिशत, जडीबुटी ९२ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ । यसैगरी प्लाउड ४० दशमलव ९० प्रतिशत, अम्रिसो २४ दशमलव ९० प्रतिशतले कमी आएको छ । मेची भन्साबाट चालु आर्थिक वर्ष २०८२÷८३ को माघ मसान्त सम्ममा रु १६ अर्ब तीन करोड १५ लाख ८३ हजार बराबरको मालवस्तु निर्यात भएको छ । रासस

# रेमिटेन्समा 'ग्रे लिस्ट'को असर, नेपालीको पैसा पठाउने लागत बढ्यो

**काठमाडौँ ।**
नेपाल अन्तर्राष्ट्रिय रुपमै सम्पत्ति शुद्धीकरणको 'ग्रे–लिस्ट'मा परेपछि त्यसको असर दक्षिण कोरियाबाट आउने रेमिटेन्समा देखिन थालेको छ । त्यहाँको केन्द्रीय बैंकले आन्तरिक प्रयोजनका लागि आफ्ना सदस्य बैंकहरूमा कडाइ गरेसँगै १० दिनयता दक्षिण कोरियाबाट नेपालमा सोझै रेमिटेन्स पठाउने क्रम रोकिएको छ । कोरियामा कामका सिलसिलामा रहेका नेपालीहरूले घुमाउरो माध्यमबाट पैसा उठाउनु पर्दा उनीहरूको लागत बढेको छ ।

नेपाल राष्ट्र बैंकका उच्च अधिकारीहरूले भने 'ग्रे लिस्ट'का कारण नभइ अरु नै कारणले दक्षिण कोरियाबाट आउने रेमिटेन्स प्रभावित भएको सूचना पाएको बताएका छन् । 'होली, निर्वाचन लगायत लामो बिदाका कारण विस्तृतमा बुझ्न पाएको छैनौं,' एक उच्च अधिकारीले बिजमाण्डूसँग भने, 'दक्षिण कोरियाबाट नेपालमा सोझै आउने क्रम रोकिएको भन्ने सूचना आएको हो । कार्यालय खुलेपछि विस्तारमा बताउन सकिएला ।'

अहिले दक्षिण कोरियाबाट सोझै नेपाल आउने रेमिटेन्स विदेशका मध्यस्तकर्ता कम्पनीमार्फत घुमेर आउने गरेको छ । नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ)को ग्रे लिस्टमा भएकाले अन्तर्राष्ट्रिय अनुपालनहरू कडा बन्दै गएको छ ।

त्यसको असर दक्षिण कोरियाको रेमिटेन्समा परेको हो । नेपालमा हाना बैंक र मेट्रो सिटी बैंक कोरियाले रेमिटेन्स पठाउने काम गर्दै आएका छन् । ती बैंकहरूले नेपाली बैंकलाई सोझै पैसा पठाउँदा लागत न्यून हुन्थ्यो । अब यी बैंकले अर्को कुनै एग्रिगेटर (मध्यस्थकर्ता) संस्थालाई पैसा पठाउँछ । त्यो संस्थाले बल्ल नेपालमा पैसा भुक्तानी गरिदिन्छ । उसले मध्यस्तकर्ता भएवापत एकदेखि दुई प्रतिशत कमिसन लिन्छ ।

यसले गर्दा रेमिटेन्सको लागत बढेर नेपाली श्रमिकदेखि राज्यसम्मलाई भार पर्न थालेको छ । १० दिनयता सबै रेमिटेन्स कम्पनीहरूले नेपालमा पैसा पठाउन मनिग्राम, वेस्टर्न युनियन जस्ता मध्यस्थ संस्थामार्फत मात्र काम गर्नुपर्ने बाध्यता आएको छ । सोझै रेमिटेन्स पठाउने क्रम रोकिएपछि हुन्डी कारोबार बढ्छ । दुई पैसा सस्तो पर्ने लोभमा गैरकानुनी रुपमा पैसा भित्रिने छ ।




दक्षिण कोरियामा कामका सिलसिलामा करिब ७० हजार नेपाली रहेको अनुमान छ । इपीएस प्रणालीमार्फत गएका समेत गरेर ७० हजार नेपाली रहेको विभिन्न तथ्यांकहरूमा देखिन्छ । गत वर्ष मात्र १३ हजार ७ सय नेपाली दक्षिण कोरिया गएको तथ्यांक छ । दक्षिण कोरियामा नेपाली कामदारहरुले कोरियाली कामदार बराबर नै तलब पाउँछन्, जसले गर्दा उनीहरूको आम्दानी खाडी मुलुक वा मलेसियाको तुलनामा उल्लेखनीय रूपमा बढी छ । एक अध्ययनले कोरियामा मासिक १५०० देखि २२०० अमेरिकी डलरसम्म तलब हुन्छ । यो भनेको न्यूनतम २ लाख १७ हजार रुपैयाँ हो । २०२३ को एक तथ्यांकअनुसार वार्षिक ६० अर्ब रुपैयाँ नेपालमा रेमिटेन्स भित्रिने गरेको छ । अब मध्यस्थकर्तामार्फत रेमिटेन्स आउँदा उसले १ प्रतिशत मात्रै कमिसन लियो भने पनि ६० करोड रुपैयाँ नेपालीलाई घाटा हुन्छ । नेपाल गत वर्षदेखि 'ग्रे लिस्ट'मा परेको छ । 'ग्रे लिस्ट'बाट हट्न गरिने सुधारका लागि एफएटीएफले नेपाललाई २ वर्ष समय दिएको छ । सरकारले वर्ष दिनभित्रै हट्ने भनेर प्रतिबद्धता जनाएपनि त्यसअनुसार अपेक्षित काम भने गर्न सकेको छैन । रासस

# खामेनीका उत्तराधिकारीबारे बहुमत सहमति



**इरान ।**
इरानका दिवङ्गत सर्वोच्च नेता आयातुल्ला अली खामेनीको उत्तराधिकारी चयन प्रक्रियामा महत्त्वपूर्ण प्रगति भएको बताइएको छ । तेहरानस्थित मेहर समाचार एजेन्सी (एमएनए) का अनुसार इरानको शक्तिशाली धार्मिक निकाय 'एसेम्बली अफ एक्सपट्र्स' भित्र खामेनीको उत्तराधिकारीको विषयमा बहुमत सहमति बनेको जनाइएको छ, यद्यपि औपचारिक घोषणा भने अझै हुन बाँकी रहेको छ ।

एसेम्बली अफ एक्सपट्र्सका सदस्य मिरबाकेरीलाई उद्धृत गर्दै उक्त प्रतिवेदनले उत्तराधिकारी चयनको विषयमा अधिकांश सदस्यहरूबिच सहमति बनेको उल्लेख गरेको छ । तर केही प्रक्रियागत अवरोधहरू समाधान गर्न बाँकी रहेकाले नेतृत्व हस्तान्तरणको प्रक्रिया अझै पूर्ण रूपमा सम्पन्न नभएको बताइएको छ ।खामेनीको हत्या भएपछि उत्पन्न नेतृत्व शून्यताबीच उत्तराधिकारी चयनको प्रक्रिया अघि बढिरहेको हो । ८६ वर्षका खामेनीको मृत्यु अमेरिकासँग सम्बन्धित र इजरायली आक्रमणसँग जोडिएको घटनामा भएको बताइएको छ । त्यसपछि इरानको राजनीतिक तथा सुरक्षा अवस्था थप संवेदनशील बनेको छ । यसबिच इरानको नेतृत्व परिषद्ले पनि उत्तराधिकारी नियुक्ति प्रक्रिया अगाडि बढिरहेको सङ्केत दिएको छ । यस हप्ताको बुधबार परिषद्ले राज्य सञ्चारमाध्यमलाई चाँडै नै नयाँ सर्वोच्च नेता नियुक्त गरिने जानकारी दिएको थियो । तस्निम समाचार एजेन्सीले सार्वजनिक गरेको भिडियोमा एक सरकारी अधिकारीले राज्य टेलिभिजनसँग कुरा गर्दै नेतृत्वको विषयमा कुनै जटिल समस्या उत्पन्न नभएको बताएका छन् । उनका अनुसार हाल नेतृत्व परिषद्ले नै देशको प्रशासनिक जिम्मेवारी सम्हालिरहेको छ ।

भगवानको कृपाले हामी निर्णयको नजिक पुगेका छौँ, तर अहिलेको परिस्थिति युद्धको अवस्था हो, उनले उनले भनेका थिए । उनले हालको सङ्क्रमणकालीन अवस्थालाई इरानका संस्थापक नेता आयातोल्लाह रुहोल्लाह खामेनीको निधनपछि भएको नेतृत्व परिवर्तनसँग तुलना गरेका छन् । उनका अनुसार त्यसबेला तत्कालै नयाँ नेता नियुक्त गर्न सम्भव भएको थियो, किनकि देश युद्धको अवस्थामा थिएन । अहिले भने क्षेत्रीय तनाव र सैन्य द्वन्द्व जारी रहेकाले प्रक्रिया केही जटिल बनेको उल्लेख गरिएको छ ।

यद्यपि यस्तो परिस्थितिमा पनि एसेम्बली अफ एक्सपट्र्स सक्रिय रूपमा नयाँ सर्वोच्च नेता चयन गर्ने प्रक्रियामा जुटिरहेको उनले बताए । यसबिच सम्भावित उत्तराधिकारीका विषयमा विभिन्न अड्कलबाजी पनि भइरहेका छन् । इजरायली सञ्चारमाध्यमहरूले खामेनीका छोरा मोजताबा खामेनीलाई उत्तराधिकारीका रूपमा चयन गरिएको दाबी गरेका थिए । तर इरान सरकारले ती दाबीहरूलाई अस्वीकार गरेको छ । मुम्बईस्थित इरानी महावाणिज्य दूतावासले सामाजिक सञ्जाल एक्समार्फत वक्तव्य जारी गर्दै उत्तराधिकारीका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित समाचारहरूको कुनै आधिकारिक आधार नभएको जनाएको छ ।

वक्तव्यमा भनिएको छ, इरानको एसेम्बली अफ एक्सपट्र्सद्वारा चयन गरिने नेतृत्वका सम्भावित उम्मेदवारबारे मिडियामा प्रसारित रिपोर्टहरूको कुनै आधिकारिक स्रोत छैन र ती दाबीहरू आधिकारिक रूपमा अस्वीकार गरिएको छ । यद्यपि इजरायली मिडियाले मोजताबा खामेनी चयन भएको दाबी गरे पनि इरानका सरकारी सञ्चारमाध्यमले त्यसको स्वतन्त्र पुष्टि गरेका छैनन् । राजनीतिक रूपमा नयाँ नेतृत्व चयनको प्रक्रिया अघि बढिरहेका बेला इरानमा दिवङ्गत सर्वोच्च नेता खामेनीप्रति श्रद्धाञ्जली कार्यक्रम पनि सुरु भएको छ ।

इरानको राज्य सञ्चारमाध्यमका अनुसार तेहरानस्थित इमाम खामेनी प्रार्थना मैदानमा आज राति नागरिकहरूले खामेनीलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम तय गरिएको छ । ती श्रद्धाञ्जली कार्यक्रम तीन दिनसम्म सञ्चालन हुने अपेक्षा गरिएको छ । अन्तिम अन्त्येष्टि जुलुसको मिति र स्वरूप भने औपचारिक निर्णय भएपछि घोषणा गरिने बताइएको छ । खामेनीको मृत्यु भएको घटनापछि मध्यपूर्व क्षेत्रमा तनाव तीव्र रूपमा बढेको छ । अमेरिका र इजरायलसँग सम्बन्धित आक्रमणमा खामेनीसहित इरानका केही वरिष्ठ अधिकारीहरू मारिएको बताइएको छ । यसको प्रतिक्रियास्वरूप तेहरानले पनि प्रतिआक्रमण सुरु गरेको छ । इरानले यस क्षेत्रका अमेरिकी सैन्य अड्डा तथा इजरायलसँग सम्बन्धित लक्ष्यहरूलाई निशाना बनाउँदै कारबाही जारी राखेको बताइएको छ । रासस

# मध्यपूर्व युद्धः तनाव र आक्रमण बढ्दै

**पेरिस ।**
मध्यपूर्वमा जारी युद्ध दोस्रो सातामा प्रवेश गर्दा आक्रमण, विस्फोट र प्रतिकारात्मक कारबाहीहरू तीव्र हुँदै गएका छन् । इरान, इजरायल र खाडी क्षेत्रका विभिन्न देशहरूमा भएका पछिल्ला घटनाक्रमले क्षेत्रीय तनाव थप बढाएको छ भने ऊर्जा आपूर्ति, समुद्री मार्ग र सुरक्षा अवस्थामाथि गम्भीर प्रभाव परेको छ ।

अमेरिका र इजरायलको संयुक्त आक्रमणपछि इरानी राजधानी तेहरानमा इन्धन वितरण अस्थायी रूपमा रोकिएको एक अधिकारीले बताएका छन् । तेहरान र आसपासका पाँच स्थानमा रहेका इन्धन भण्डारण तथा वितरण केन्द्रमा आक्रमण भएपछि ठूला आगलागी भएका थिए । बिहानैदेखि सहरका विभिन्न भागमा बाक्लो कालो धुवाँ देखिएको एएफपीका पत्रकारहरूले बताएका छन् ।

यसैबीच इरानको सर्वोच्च नेतृत्व परिवर्तन प्रक्रियाले पनि गति लिएको छ । देशको अर्को सर्वोच्च नेता चयन गर्ने जिम्मेवारी पाएको धार्मिक निकाय 'एसेम्बली अफ एक्सपट्र्स' भित्र सम्भावित उम्मेदवारबारे सहमति बनेको जनाइएको छ, तर नयाँ नेताको नाम भने अझै सार्वजनिक गरिएको छैन । इरानी अधिकारीहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तराधिकारी चयनमा प्रभाव पार्ने दाबी अस्वीकार गरेका छन् । उता इजरायली सेनाले भने 'कुनै पनि उत्तराधिकारी वा त्यस्तो नियुक्ति गर्न खोज्ने व्यक्ति' लाई लक्ष्य बनाइने चेतावनी दिएको छ ।

लेबनानमा पनि द्वन्द्व फैलिएको छ । बेरुतस्थित एक होटलमा भएको इजरायली हवाई आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले जनाएको छ । इजरायली सेनाले उक्त आक्रमण इरानको रिभोलुसनरी गाड्र्सको कुद्स फोर्ससँग सम्बन्धित कमान्डरहरूलाई लक्षित गरी गरिएको 'सटीक कारबाही' भएकोदाबीगरेकोछ ।



दक्षिणी लेबनानमा पनि इजरायलले इरान समर्थित हिजबुल्लाहसँग लडाइँ जारी राखेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार २० भन्दा बढी सहर र गाउँमा भएको हवाई आक्रमणमा आठ जनाको मृत्यु भएको छ । इरानभित्र पनि विभिन्न स्थानमा विस्फोटका घटना भएका छन् । आइतबार मध्य इरानको याजद प्रान्तमा विस्फोट भएको सरकारी सञ्चारमाध्यमले बताएका छन् । इरना समाचार एजेन्सीका अनुसार याजद सहरको बाहिरी क्षेत्रमा विस्फोट भएको हो, तर यसको कारण तत्काल स्पष्ट हुन सकेको छैन । यसअघि तेहरान र इस्फहानसहित देशका अन्य भागहरूमा पनि विस्फोटका खबर आएका थिए । समुद्री क्षेत्रमा पनि तनाव देखिएको छ । संयुक्त अरब इमिरेट्सको झण्डा बोकेको एक टगबोट शुक्रबार होर्मुज जलडमरुमा विस्फोट भएपछि डुबेको थियो । इन्डोनेसियाको विदेश मन्त्रालयका अनुसार जहाजमा रहेका सात चालक दलमध्ये तीन जना इन्डोनेसियाली सदस्य अझै बेपत्ता छन् । एक जना चालक दलका सदस्य ओमानमा उपचाररत छन् भने अन्यको खोजी कार्य जारी रहेको बताइएको छ । होर्मुज जलडमरु विश्वका सबैभन्दा महत्त्वपूर्ण समुद्री मार्गमध्ये एक हो, जहाँबाट विश्वको ठूलो परिमाणमा तेल तथा ग्यास पारवहन हुन्छ । युद्ध सुरु भएपछि यस मार्ग हुँदै जाने जहाजहरूमा आक्रमणका घटनाहरू बढेका छन् र समुद्री यातायात प्रभावित भएको छ ।

खाडी क्षेत्रका विभिन्न देशहरूले पनि नयाँ आक्रमणको जानकारी दिएका छन् । साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनले आफ्ना क्षेत्रमा मिसाइल वा ड्रोन आक्रमण प्रयास भएको बताएका छन् । कुवेतको गृह मन्त्रालयका अनुसार देशमा ड्युटीमा रहेका दुई सीमा रक्षकको मृत्यु भएको छ । सेनाले ड्रोन आक्रमण देशको अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको इन्धन भण्डारण ट्याङ्कीलाई लक्ष्य बनाइएको जनाएको छ ।

साउदी अरेबियाको रक्षा मन्त्रालयले राजधानी रियादस्थित कूटनीतिक क्षेत्रमा लक्षित आक्रमण प्रयाससहित १५ वटा ड्रोन रोकेको जानकारी दिएको छ । बहराइनले मिसाइलको भग्नावशेष खस्दा तीन जना घाइते भएको र समुद्री पानीलाई पिउने पानीमा रूपान्तरण गर्ने डिसेलिनेसन प्लान्ट क्षतिग्रस्त भएको जनाएको छ । इरानले भने आफ्नो सैन्य क्षमता अझै बलियो रहेको दाबी गरेको छ । इरानको रिभोलुसनरी गाड्र्सका प्रवक्ताले देशको सेनाले छ महिनासम्म 'तीव्र युद्ध' लड्न सक्ने बताएका छन् । उहाँका अनुसार आगामी दिनहरूमा अझ उन्नत मिसाइल प्रणाली प्रयोग गर्न सकिनेछ ।

इरानी राष्ट्रपति मसुद पेजेस्कियानले पनि छिमेकी देशहरूको भूमिबाट आक्रमण भए त्यसको जवाफ दिन तेहरान बाध्य हुने बताएका छन । राज्य टेलिभिजनमा प्रसारित टिप्पणीमा उहाँले यस्तो प्रतिक्रिया कुनै देशसँग विवाद सिर्जना गर्न नभई सुरक्षाका लागि आवश्यक कदम हुने बताए । एक दिनअघि पेजेस्कियानले आफ्नो देशविरुद्ध आक्रमणका लागि अमेरिकी सैन्य आधार उपलब्ध गराएका छिमेकी देशहरूसँग क्षमा याचना पनि गरेको थियो । यसबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको एक प्राथमिक विद्यालयमा भएको घातक आक्रमणका लागि तेहरानलाई दोष दिनुभएको छ । इरानी अधिकारीहरूका अनुसार उक्त घटनामा कम्तीमा १५० जनाको मृत्यु भएको छ ।

एयर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले आक्रमण इरानकै कारण भएको दाबी गरेको थियो । तर न्युयोर्क टाइम्सको अनुसन्धानले उक्त घटनामा सम्भवतः अमेरिकी सेना जिम्मेवार हुन सक्ने सङ्केत गरेको छ । एएफपीले भने घटनास्थलमा पहुँच नपाएकाले त्यसको स्वतन्त्र पुष्टि गर्न सकेको छैन । युद्धसँग सम्बन्धित अर्को घटनामा अमेरिकी पनडुब्बीसँगको ठक्करपछि डुबेको इरानी युद्धपोतका चालक दलका केही सदस्यलाई श्रीलङ्काको अस्पतालबाट डिस्चार्ज गरिएको छ । २२ जना चालक दल सदस्य उपचारपछि अस्पतालबाट बाहिरिएका छन् भने अन्य १० जनाको उपचार जारी रहेको बताइएको छ ।

श्रीलङ्काले अन्तर्राष्ट्रिय पानीमा भएको उक्त दुर्घटनापछि जहाज डुबेको स्थानबाट ८४ जनाको शव फेला पारेको जनाएको छ भने ६० भन्दा बढी व्यक्ति अझै बेपत्ता रहेको बताइएको छ । आक्रमणपछि अर्को इरानी युद्धपोतले श्रीलङ्काको समुद्री क्षेत्रमा शरण लिएको जानकारी पनि सार्वजनिक गरिएको छ । रासस

# पुराना दलका पदाधिकारी को–को भए पराजित !

**भीष्मराज ओझा**
**काठमाडौँ ।**
प्रतिनिधिसभा सदस्यको यही फागुन २१ गते सम्पन्न निर्वाचनको परिणाम आउने क्रम अन्तिम चरणमा छ । यस निर्वाचनमा प्रत्यक्षतर्फ १६५ निर्वाचन क्षेत्र र समानुपातिकतर्फ ११० सिटका लागि मतदान भएको थियो । गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनपश्चात् गठित सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले तत्कालीन प्रतिनिधिसभा विघटन गरेसँगै यो निर्वाचन गरिएको हो । यस निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को पक्षमा मुलुकभर जनलहर देखिएको छ । रास्वपा काठमाडौँ महानगरपालिकाका तत्कालीन प्रमुख बालेन्द्र शाह (बालेन)लाई पार्टीको वरिष्ठ नेता र प्रधानमन्त्रीको उम्मेदवार बनाई निर्वाचनमा होमिएको थियो ।
त्यस्तै, संसदीय अभ्यासमा अनुभवी नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दल र अधिकांश शीर्ष नेता भने यस निर्वाचनमा पराजित भएका छन् । निर्वाचन आयोगको पछिल्लो गणनाअनुसार रास्वपाको पक्षमा प्रत्यक्ष र समानुपातिकमा झन्डै दुई तिहाइ मत प्रकट भएको देखिन्छ । यो समाचार तयार पार्दासम्म प्रत्यक्षतर्फका १६५ निर्वाचन क्षेत्रमध्ये रास्वपाले ११९ क्षेत्रमा जित हासिल गरिसकेको छ । त्यस्तै, समानुपातिकतर्फ रास्वपाले २२ लाख ३९ हजार ८७० मत प्राप्त गरेको छ । यसैगरी, हालसम्म प्रत्यक्षतर्फ कांग्रेसले १७, एमालेले सात, नेकपाले सात र श्रम संस्कृति पार्टी तीन र राप्रपाले एक स्थानमा जित हासिल गरेका छन् ।

**शीर्ष नेताहरू को को पराजित भए !**
लामो संसदीय अभ्यास रहेको र अघिल्लो प्रतिनिधिसभा सदस्यमा सबैभन्दा ठूलो दल कांग्रेस यस निर्वाचनमा निकै पछि परेको छ । कांग्रेसका सभापति गगनकुमार थापा, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे, सहमहमन्त्रीहरू फरमुल्लाह मन्सुर, उदयशम्शेर राणा, प्रकाश रसाइली स्नेही पराजित भएका छन् ।
त्यस्तै, वरिष्ठ नेताहरू डा शेखर कोइराला, विमलेन्द्र निधि, विजयकुमार गच्छदार, एनपी साउँद, महालक्ष्मी उपाध्याय 'डिना'लगायत नेताहरू पनि पराजित भए ।
त्यसैगरी, एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्षहरू गोकर्ण विष्ट, पृथ्वीसुब्बा गुरुङ, विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेल, उपमहासचिवहरू रघुवीर महासेठ, लेखराज भट्ट, सचिवहरू भानुभक्त ढकाल, शेरधन राई, महेश बस्नेत र डा राजन भट्टराई पराजित भएका छन् । त्यस्तै, वरिष्ठ नेताहरू ईश्वर पोखरेल, देवराज घिमिरे, प्रदीपकुमार ज्ञवालीलगायत पनि पराजित भए । नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल विजयी भए । उनको दलका सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्रप्रसाद पाण्डे, शक्ति बस्नेतलगायत नेताहरू पनि पराजित हुन पुगे ।
त्यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, वरिष्ठ नेता कमल थापालगायत पराजित भए ।
विसं २०४८ देखि निरन्तर आफ्नो वर्चस्व कायम गर्दै आएको पार्टी नेपाल मजदुर किसान पार्टी पनि यस निर्वाचनमा संसदीय यात्राबाट बाहिरिने भएको छ । सो पार्टीका नेता प्रेम सुवाललगायत कुनै पनि उम्मेदवारले निर्वाचनमा सफलता हासिल गर्न सकेनन् ।
विसं २०६४ को मधेश आन्दोलनपछि उदाएका मधेशवादी दल र तिनका शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन् । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साहलगायत शीर्ष नेताहरू पनि यस निर्वाचनमा पराजित भएका छन् । रासस

# सोमबारदेखि महाकाली मेची साइकल यात्रा



**पाल्पा ।**
पाल्पाका तीन जना युवाले महाकाली–मेची साइकल यात्रा गर्ने भएका छन् । शान्तिको सन्देश विश्वभर फैलाउने उद्देश्यसहित उनीहरूले महाकाली–मेची साइकल यात्रा गर्न लागेका हुन् । यहाँका २५ वर्षीय शान्तम थैबा, ३७ वर्षीय विज्ञान बज्राचार्य र २४ वर्षीय सुविनमान बज्राचार्यले साइकल यात्रा गर्न लागेका हुन् ।
सोमबारदेखि नेपालको पश्चिमी सिमाना महाकालीबाट साइकल यात्रा सुरु हुनेछ । साइकल यात्रामा निस्कन लागेका युवालाई पाल्पा साइक्लिङ सङ्घले आज एक कार्यक्रमकाबीच बिदाइ गरेको छ । महाकाली नदीबाट सुरु हुने साइकल यात्रा मेची नदी पुगेर सम्पन्न हुने पाल्पा साइक्लिङ सङ्घका उपाध्यक्ष अमन शाक्यले बताए ।
उनका अनुसार 'साइकल चलाऔँ नेपालभरि, शान्तिको सन्देश संसारभरि' भन्ने मूल नाराका साथ साइकल यात्रा हुन लागेको हो । नेपालभर शान्ति, एकता, स्वास्थ्य सचेतना, वातावरण संरक्षण तथा साइकल संस्कृतिको प्रवद्र्धन गर्ने उद्देश्यले यो यात्रा हुन लागेको उपाध्यक्ष शाक्यले बताए । गौतमबुद्ध जन्मेको देशमा बेलाबेलामा अशान्त हुने गर्दछ, हामी एकताको सन्देश फैलाउन चाहन्छौँ । अर्कोतर्फ अस्तव्यस्त जीवनशैलीका कारण मानिस अस्वस्थ बन्दै गएका छन्, यसले स्वस्थ रहने सन्देशसमेत प्रवाह गर्नेछ", शाक्यले भने, "त्यसैले शान्ति र स्वास्थ्यका लागि सबैको ध्यानाकर्षण गराउन साइकल यात्रा गर्न लागेका हौँ ।
एघार दिनसम्म हुने साइकल यात्रामा ११०० किलोमिटर दूरी तय गरिने उनले जानकारी दिए । टोलीलाई बिदाइ गर्ने क्रममा सङ्घका अध्यक्ष रुपेश महर्जनले शान्ति र एकताको सन्देश विश्वभर फैलाउन साइकल यात्राले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । सङ्घले हरेक वर्ष पाल्पामा 'हेरिटेज राइड'समेत आयोजना गर्दै आएको छ । सङ्घले जिल्लामा रहेका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रको प्रवद्र्धन गर्नेगरी 'सम्पदा साइकल राइड' आयोजना गर्दै आएको छ । रासस

# काठमाडौँमा प्रदूषण बढ्यो



**काठमाडौँ ।**
काठमाडौँ उपत्यकाको वायु प्रदूषण बढ्न थालेको छ । पछिल्ला केही दिनयता मौसम धुम्मिँदै जाँदा वायु प्रदूषण पनि बढ्न थालको हो । वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले लामो समयसम्म वर्षा नहुनु, हावा नचल्नुलगायत कारणले मौसम धुम्मिएको बताउँदै यसले प्रदूषण बढाउन मद्दत गरेको उल्लेख गरे । लामो समयदेखि वर्षा हुन सकेको छैन, हावा पनि चलेको छैन । त्यसैले केही दिनयता मौसम धुम्मिएको छ, उनले भने, गत वर्षको तुलनामा यस वर्ष प्रदूषण केही कम छ । वन डढेलो नलागेसम्म प्रदूषण अत्यधिक रूपमा भने बढ्ने छैन ।
एयर क्वालिटी इन्डेक्स ९एक्यूआई० अनुसार आज मध्याह्नसम्म काठमाडौँ उपत्यकाको वायु गुणस्तर सूचकाङ्क १८६ पुगेको छ । यससँगै काठमाडौँ विश्वको चौथो प्रदूषित सहरका रूपमा सूचीकृत भएको वातावरणविद् भूषण तुलाधारले जानकारी दिए । प्रदूषण नियन्त्रणका लागि समयमा पूर्वतयारी आवश्यक पर्ने बताउँदै उनले घरबाट निस्कने फोहरको उचित व्यवस्थापन, डढेलो नियन्त्रण, सवारीसाधनको धुँवा परीक्षण, मापदण्डको कडाइका साथ कार्यान्वयन गर्न सके प्रदूषण नियन्त्रणमा मद्दत पुग्ने धारणा राखे ।
एक्यूआईको मापदण्डअनुसार शून्यदेखि ५० सम्म 'राम्रो' मानिन्छ भने ५१ देखि १०० सम्म 'सचेत रहनुपर्ने' श्रेणीमा पर्दछ ।
त्यस्तै, १०१ देखि १५० 'अस्वस्थ' मानिन्छ, जसले विशेषगरी श्वासप्रश्वास तथा मुटु रोगीलाई असर गर्ने भएकाले सचेतना अपनाउन विभागका महानिर्देशक सुवेदीले आग्रह गरे । उनका अनुसार १५१ देखि २०० 'सबैका लागि अस्वस्थ', २०१ देखि ३०० 'धेरै अस्वस्थ' र ३०० भन्दा माथि 'अत्यन्त खतरनाक' मानिन्छ । रासस

# पश्चिम एसियाका नेपालीको सुरक्षाप्रति ध्यानाकर्षण



**काठमाडौं ।**
एसोसिएसन अफ नेपाली ओरिजिन (एएनओ) को शनिबार हङकङमा सम्पन्न सम्मेलनले पछिल्लो समय पश्चिम एसियाका मुलुकमा कार्यरत नेपालीहरुको सुरक्षामा ध्यान दिन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।
विश्वमा देखापरिरहेको सुरक्षा चुनौतीका सन्दर्भमा हाल मध्यपूर्वमा बसोवास गरिरहेका नेपालीहरुको सुरक्षाप्रति विशेष चासो दिन र आवश्यक पहल गर्न सरकारले ध्यान पु¥याउनुपर्ने प्रस्ताव सो सम्मेलनमा पारित भएको हो ।
सम्मेलनले विश्वका जुन ठाउँमा जन्मे पनि र जुन देशको नागरिकता बोके पनि नेपाली मूलको पहिचान गरी नेपालीभाषी नागरिकहरुका बीचमा आपसी एकता कायम गर्दै नेपाली जातिको संरक्षणा र सम्वद्र्धन गर्दै सो शक्तिलाई नेपालको हितमा प्रयोग गर्नुपर्ने प्रस्ताव पनि पारित गरेको छ ।
हङकङ सरकारका डिस्ट्रिक काउन्सिलर प्रथम नेपाली अरुणा गुरुङ र एएनओका अन्तर्राष्ट्रिय कमिटी महासचिव चूडामणि भट्टराईद्वारा शनिबार साँझ उद्घाटन गरिएको सो सम्मेलनमा हङकङमा रहेका नेपाली मूलका तथा नेपालीभाषी ठूलो सङ्ख्याका नागरिकको सहभागिता रहेको एएनओले विज्ञप्तिमार्फत जनाएको छ । त्यस अवसरमा एएनओ अन्तरराष्ट्रिय समितिका महासचिव चूडामणि भट्टराई र केन्द्रीय सदस्य खुसी गुरुङ तथा डिष्ट्रिक काउन्सिलर अरुणा गुरुङले संसारका जुनसुकै देशमा जन्मे हुर्केको भएपनि नेपाली जातिका मानिसहरुलाई एकआपसमा जोड्ने र नेपाली जातिको एकता र संस्कृतिको पुस्तान्तरण गर्ने कार्यमा एएनओको सफलताको कामना गरे ।
नेपाली जातिको आफ्नै पहिचान र अतित्वसहितको जीवन यापनका लागि सामाजिक संस्कृतिक अभियान सञ्चानल गरिरहेका अमेरिका निवासी डिल्ली अधिकारीको नेतृत्वमा सन् २०२४ मा एएनओ स्थापना भएको थियो । उक्त संस्थाले विश्वका नेपाली जातिबीच जतिसुकै पुस्ता बाहिर बस्नु परेपनि आफू बसेकै देश तथा स्थानमा नेपाली भाषा, कला, संस्कृति, रीतिरिवाज र नेपाली पहिचानको निरन्तरता, यसको विस्तार र पुस्तान्तरणको अभियान सञ्चालन गरिरहेको छ । साथै एएनओले विश्वभरका नेपालीको श्रम, पूँजी र ज्ञानलाई नेपालको समृद्धिमा लगाउन आफ्ना जातिका मानिसहरुको पहिचान गर्न तथा नेपाली मूलका नागरिकहरुलाई आफूसँग कुनै न कुनै रुपमा जोड्ने नीति बनाउन पनि नेपाल सरकारसँग माग गर्दै आएको छ । सोही अवसरमा हङकङका स्थानीय युवा व्यवसायी विक्की थापाको अध्यक्षतामा एएनओको हङकङ कमिटी पनि गठन गरिएको छ ।
यसको उपाध्यक्षमा अजय राई, महासचिवमा सुकु लिम्बू, सचिवमा अनुज रोक्का, कोषाध्यक्षमा सोफिया गुरुङ र प्रवक्तामा सुरेश याक्सो छन् । त्यसैगरी सदस्यहरुमा सरला तामाङ, टपराज तामाङ, रिस्ता गुरुङ, मेजिला गुरुङ, भीम गुरुङ, जुनु राना, विन्नी लामा राई र करन तमाङ चयन भएका छन् ।
उक्त कार्यक्रममा तनहुँ समाज हङकङका वरिष्ठ उपाध्यक्ष रोशन गुरुङ, एनआरएनए लिमिटेडकी अध्यक्ष जयन्ती गुरुङ, मेरो भ्वाइस युनिभर्स सिजन– २ का उपविजेता टपराज नेगी तामाङ र सोही प्रतियोगिताकी प्रतिष्पर्धी विन्नी लामा राईले सांगितिक प्रस्तुतिसहित शुभकामना व्यक्त गरेका थिए । रासस

# विभिन्न स्थानबाट लागुऔषधसहित आठ जना पक्राउ

**काठमाडौँ ।**
देशका विभिन्न भागमा रहेका प्रहरी कार्यालयबाट शनिबार गस्तीमा रहेको प्रहरी टोलीले कानुनले बर्जित गरेका चिकित्सकीय औषधि र लागुपदार्थसहित आठ जनालाई पक्राउ गरेको छ ।
केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार मोरङ, पथरी शनिश्चरे नगरपालिका–८ मङगलबारे, दाङको घोराही उपमहानगरपालिका–१४ स्थित न्यु मनकामना गेष्ट हाउस, कैलालीको धनगढी उपमहानगरपालिका–३ चटकपुर र कञ्चनपुरको कृष्णपुर नगरपालिका–२ स्याउले चोकबाट उनीहरू पक्राउ परेका हुन् । यसैगरी, पथरी शनिश्चरे नगरपालिका–८ मङगलबारबाट मानबहादुर दर्जीसहित तीन, घोराही–१४ स्थित न्यु मनकामना गेष्ट हाउसबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थसहित दुई, धनगढी–३ चटकपुरबाट स्थानीय २३ वर्षीय अमन रानासहित दुई र कृष्णपुर–२ स्याउले चोकबाट लागुऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थसहित २५ वर्षीय कुवेर शाहीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । रासस

# जनहित, विकास र समृद्धिका लागि इमान्दारीपूर्वक काम गर्छु: महता



**कञ्चनपुर ।**
कञ्चनपुर निर्वाचन क्षेत्र नम्बर ३ मा रास्वपाबाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्रसिंह महताले आफ्नो विजयलाई परिवर्तन, सुशासन र पारदर्शिताको पक्षमा उभिएका सम्पूर्ण जनताको जित भएको बताएका छन् । महताले मतदाताहरूले आफूमाथि देखाएको विश्वास र भरोसालाई सधैँ सम्मान गर्दै जनहित, विकास र समृद्धिका लागि इमान्दारीपूर्वक काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे ।
निर्वाचनमा विजयी भएपछि मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्दै महताले यो ऐतिहासिक सफलताका लागि साथ, समर्थन र विश्वास दिने सम्पूर्ण मतदाता, शुभेच्छुक, पार्टीका कार्यकर्ता तथा सहयोगीहरूप्रति हार्दिक आभार प्रकट गरे । उनले जनताको मतको कदर गर्दै आगामी दिनमा जनभावनाअनुसार अघि बढ्ने बताए ।
सांसद महताले निर्वाचनमा लोकतान्त्रिक प्रतिस्पर्धामा सहभागी भई जनतासामु आफ्ना एजेन्डा प्रस्तुत गर्ने निकटतम प्रतिस्पर्धी उम्मेदवारलाई पनि धन्यवाद दिए । लोकतन्त्रमा स्वस्थ प्रतिस्पर्धाले नै विचार, नीति र नेतृत्वलाई परिपक्व बनाउने उल्लेख गर्दै उनले आगामी दिनमा देश र समाजको हितका लागि सबै पक्षसँग सहकार्य गर्ने अपेक्षा राखेका छन् । महता २७ हजार ११८ मत प्राप्त गरी विजयी भए । उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका हरिप्रसाद बोहराले नौ हजार ४४३ मत प्राप्त गरे । रासस

# मतदान केन्द्र समावेशी बनाउन आवश्यक

**काठमाडौँ ।**
महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले मतदान केन्द्र थप समावेशी बनाउन सुझाव दिएको छ । एफडब्लुएलडीले आज यहाँ आयोजित कार्यक्रममा प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ सम्बन्धी प्रतिवेदन सार्वजनिक गर्दै मतदान केन्द्रहरु थप लैङ्गिक, अपाङ्गता तथा समावेशी मैत्री बनाउन आवश्यक रहेको बताएको छ ।
एफडब्लुएलडीको नेतृत्वमा विभिन्न १५ वटा गैरसरकारी संस्थाले उक्त सुझाव दिएका हुन् । एफडब्लुएलडीका अधिवक्ता सागर पाठकले मतदान हुनुअघि मतदान स्थल, मतदानको समय र मतगणनाको अवस्थालाई 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण विधि'बाट प्रतिवेदन तयार पारिएको जानकारी गराए । उनले सात प्रदेशका २४ जिल्लाका १६० मतदान केन्द्रको अवलोकन गरेर प्रतिवेदन तयार पारिएको जानकारी दिए । एफडब्लुएलडीका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले निर्वाचन आयोगले तयार पारेको निर्देशिकाअनुसार मतदान केन्द्र बनाउनुपर्नेमा जोड दिए । रासस

# सुनसरी–१ मा श्रम संस्कृतिका राई निर्वाचित



**सुनसरी ।**
यही फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा सुनसरी क्षेत्र नं. १ बाट श्रम संस्कृति पार्टीका हर्कराज राई निर्वाचित भएको छ ।
निर्वाचन अधिकृत दिव्यराज घिमिरेका अनुसार उहाँ ३५ हजार ७४१ मत प्राप्त गरी विजयी भएको हो ।
उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का गोमा तामाङले २७ हजार २४९ मत प्राप्त गरियो । त्यस्तै, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का टीकाराम लिम्बूले छ हजार ४६३ मत प्राप्त गरिएको छ ।
यस क्षेत्रमा विभिन्न १९ दल र सात स्वतन्त्र गरी २६ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्थ्यो । धरान उपमहानगरपालिका, बराहक्षेत्र, राधुनी गरी २७ वटा वडा समेटिएको यस निर्वाचन क्षेत्रमा एक लाख ५० हजार ३९३ मतदाता रहेकामा ८७ हजार ८६५ मत खसेको थियो । रासस

# सीमामा मानव तस्करीको प्रयास विफल

## नाबालिग किशोरी उद्धार



**हरिशंकर शर्मा**
**वीरगंज ।**
भारत–नेपाल सीमा क्षेत्रमा मानव तस्करीको प्रयासलाई असफल बनाउँदै भारतीय सीमावर्ती सहर रक्सौल स्थित सशस्त्र सीमा बल (एस.एस.बी.) को मानव तस्करी विरोधी इकाई (एएचटियु) ले एक नाबालिग किशोरीलाई सुरक्षित रूपमा उद्धार गरेको छ । प्राप्त सूचनाको आधारमा एस.एस.बी.को ४७ औँ वाहिनी अन्तर्गतको ए.एच.टि.यु. टोलीले सीमा क्षेत्रमा आवतजावत गर्ने व्यक्तिमाथि विशेष निगरानी बढाएको थियो ।

सोही क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेका दुई जना संदिग्ध युवकलाई एक किशोरीसहित मित्तेरी पुल नजिकै रोकेर सोधपुछ गरिएको थियो । प्रारम्भिक बयानका क्रममा उनीहरूले किशोरी आफ्नै बहिनी भएको र आफन्तको घर जान नेपालतर्फ लागेको बताएका थिए । तर उनीहरूको भनाईमा असंगति देखिएपछि ए.एच.टि.यु. टोलीले थप अनुसन्धान अघि बढाएको थियो ।

अनुसन्धानलाई प्रभावकारी बनाउन प्रयास जुभनिल एड सेन्टर, स्वीच रक्सौल, ग्राम नियोजन केन्द्र जस्ता संस्थाको सहयोगमा तीनै जनालाई अलग–अलग राखेर सोधपुछ तथा काउन्सेलिङ गरिएको थियो । त्यस क्रममा उद्धार गरिएकी किशोरी 'रानी कुमारी' (परिवर्तित नाम) भारतको बिहार राज्यस्थित मोतिहारी जिल्लाको पताही थाना क्षेत्रकी रहेको खुलेको छ ।

त्यस्तै घटनामा संलग्न आरोपितमध्ये मोहम्मद अरमान (उर्फ गोलु) नेपालका वीरगंज निवासी रहेको खुलासा भएको छ भने अर्को आरोपी इकबाल अन्सारी (उर्फ सोनु) भारतको बिहार राज्यको नरकटियागञ्ज अन्तर्गत शिकारपुर थाना क्षेत्रका बासिन्दा रहेको प्रहरी स्रोतले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानमा मोहम्मद अरमानले 'गोलु' नाम प्रयोग गर्दै टिकटक मार्फत करिब चार महिनाअघि किशोरीसँग चिनजान बढाएको र पछि प्रेम सम्बन्धको नाटक गर्दै विवाहको झुटो आश्वासन दिएको पत्ता लागेको छ । त्यसपछि आफ्ना सहयोगी इकबाल अन्सारीसँग मिलेर किशोरीलाई विभिन्न प्रलोभन देखाउँदै घरबाट भाग्न प्रेरित गरिएको अनुसन्धानमा खुलेको छ ।

किशोरी घरबाट निस्केर मोतिहारी बसपार्क पुगेपछि दुवै आरोपीले उनलाई भारतबाट नेपाल ल्याउने योजना बनाएका थिए । तर ए.एच.टि.यु.को सक्रिय निगरानी र समयमै गरिएको कारबाहीका कारण उनीहरूको योजना असफल भएको हो । टोलीले किशोरीलाई सुरक्षित रूपमा उद्धार गर्न सफल भएको छ ।

उद्दार गरिएकी किशोरी र दुवै आरोपीलाई थप कानुनी प्रक्रिया अगाडि बढाउन हरैया थानालाई बुझाइएको छ । प्रहरीका अनुसार आरोपितहरूविरुद्ध मुद्दा दर्ता गरी घटनाबारे थप अनुसन्धान जारी रहेको छ । उद्दार अभियानमा ए.एच.टि.यु.का इन्स्पेक्टर विकास कुमारको नेतृत्वमा सहायक उपनिरीक्षक खेमराज, हवलदार अरविन्द द्विवेदी, सिपाही साधना सिन्हा र अन्जु मोहन सहभागी थिए । साथै प्रयास जुवेनाइल एड सेन्टरकी आरती कुमारी र राज गुप्ता, स्वच्छ रक्सौलका रञ्जित सिंह र साबरा खातुन तथा ग्राम नियोजन केन्द्रका अरविन्द पाण्डे र रेखा देवीको पनि सक्रिय सहयोग रहेको थियो ।

# गादीमाई साझेदारी वनमा विवाद

## अध्यक्षको राजीनामा माग्दै वन कार्यालय घेराउ



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिका क्षेत्रस्थित गादीमाई साझेदारी वन उपभोक्ता समूह का अध्यक्ष सहरुम राउत गद्दीको राजीनामा माग गर्दै स्थानीय बासिन्दाले आइतबार बसन्तपुरस्थित वन कार्यालयमा विरोध प्रदर्शन गरेका छन् । आक्रोशित नागरिकहरूले बसन्तपुर सब–डिभिजन वन कार्यालय घेराउ गर्नुका साथै उपभोक्ता समूहको कार्यालयमा तालाबन्दी गरेका हुन् ।

आइतबार दिउँसो करिब २ बजेदेखि सुरु भएको विरोध कार्यक्रममा जिराभवानी गाउँपालिका अन्तर्गत पर्ने सेढवा, बसन्तपुर, काठमाडौंटोल, भवानीपुर, महादेवपट्टी, हरैया र सुपौलीलगायत गाउँका स्थानीय सहभागी भएका थिए । उनीहरूले वन कार्यालयअगाडि नाराबाजी गर्दै अध्यक्ष गद्दीविरुद्ध कारबाहीको माग गरेका छन् । स्थानीयका अनुसार दाउरा, घाँस तथा घर लिपपोतका लागि आवश्यक माटो लिन वन क्षेत्रमा जाँदा वा पशु चौपायालाई गोठालो लैजाँदा समूहका अध्यक्ष सहरुम राउत गद्दी तथा कार्यालय सहयोगी सोयालाल साह रौनियार र समिन गद्दीले दुर्व्यवहार गर्ने गरेको गुनासो गरेका छन् ।

उनीहरूले अभद्र व्यवहार गर्नुका साथै अश्लील शब्द प्रयोग गरी गालीगलौज गर्ने गरेको स्थानीयले आरोप लगाएका छन् । सरोज चौरसियाको नेतृत्वमा गरिएको आन्दोलनका क्रममा प्रदर्शनकारीहरू कार्यालय पुगेका बेला समूहका अध्यक्षसहित अन्य पदाधिकारी भने कार्यालयमा उपस्थित नभएको बताइएको छ ।

प्रदर्शनको स्थिति नियन्त्रणमा राख्न इलाका प्रहरी कार्यालय पटेर्वासुगौली, प्रहरी चौकी हरैया तथा शस्त्र प्रहरी बल नेपाल अन्तर्गत सुवर्णपुर बेस क्याम्पबाट सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

आन्दोलनका क्रममा स्थानीयले वन व्यवस्थापनसँग सम्बन्धित गम्भीर आरोपसमेत लगाएका छन् । कार्यपालिका सदस्य चौरसियाका अनुसार डिभिजन वन कार्यालय पर्साका प्रमुख मन्जुर अहमद र समूहका अध्यक्ष गद्दीबीचको मिलेमतोमा लामो समयदेखि राष्ट्रिय वनबाट अवैध काठ तस्करी भइरहेको स्थानीयको दाबी छ ।

यसैबीच गत फागुन १४ गते साँझ करिब ७ बजे तस्करीको काठ बोकेको एउटा ट्याक्टर नियन्त्रणमा लिइएको घटना पनि सार्वजनिक भएको छ । प्र २–०३–००१ त ३८०० नम्बरको उक्त ट्याक्टर सहजानपुर क्षेत्रबाट सतिसाल र सिसौ जातका काठसहित पक्राउ गरिएको थियो । उक्त ट्याक्टरलाई प्रहरी चौकी हरैयामा बुझाइएको बताइएको छ ।

बसन्तपुर सब–डिभिजन वन कार्यालयका प्रमुख वन अधिकृत मोवारक अलीका अनुसार जंगलमा छपान गरिएका काठ नै उपभोक्ता समितिका अध्यक्ष तथा अन्य पदाधिकारीहरूले अवैध रूपमा काटेर बिक्री गरेको आशंका गरिएको छ । यस विषयमा कारबाहीका लागि पटक पटक डिभिजन वन कार्यालयमा पत्राचार गरिएको भए पनि हालसम्म कुनै ठोस कदम नचालिएको उनले बताए ।

यता डिभिजन वन कार्यालय पर्साका प्रमुख डिभिजनल वन अधिकृत मन्जुर अहमदले भने घटनासम्बन्धी विषयमा अनुसन्धान भइरहेको प्रतिक्रिया दिएका छन् ।

# पर्सा र बारामा रास्वपाको क्लिन स्वीप



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा र बारा जिल्लाका प्रतिनिधिसभा निर्वाचन क्षेत्रहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक सफलता हासिल गर्दै आठै क्षेत्रमा क्लिन स्वीप गरेको छ । यसअघि नेपाली कांग्रेस, नेकपा एमाले तथा मधेशकेन्द्रित दलहरूको प्रभाव रहेको यी जिल्लामा रास्वपाको उदयले नयाँ राजनीतिक सन्देश दिएको छ ।

पर्सा क्षेत्र नम्बर–१ मा रास्वपाका बुद्धिप्रसाद (हरि) पन्त विजयी भएका छन् । उनले एमालेका पूर्वमन्त्री प्रदीप यादवलाई १४ हजारभन्दा बढी मतान्तरले पराजित गरे । पन्तले २७ हजार २७४ मत प्राप्त गर्दा यादवले १३ हजार ३० मत ल्याए । पर्सा क्षेत्र नम्बर–२ मा पनि रास्वपाकै सुशीलकुमार कानु निर्वाचित भए । उनले ३० हजार ७४० मत प्राप्त गर्दै कांग्रेसका पूर्वकानुनमन्त्री अजय चौरसियालाई १८ हजार ८५० मतान्तरले हराए ।

पर्सा क्षेत्र नम्बर–३ मा रास्वपाका रामाकान्त चौरसिया २९ हजार ६७९ मतसहित विजयी भए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सुरेन्द्रप्रसाद चौधरीले १६ हजार ३६६ मत प्राप्त गरे । पर्सा क्षेत्र नम्बर–४ मा रास्वपाका टेकबहादुर शाक्य भारी मतान्तर सहित निर्वाचित भए ।

उनले २८ हजार ६ मत प्राप्त गर्दै कांग्रेसका पूर्वमन्त्री रमेश रिजाललाई १५ हजार ४७२ मतान्तरले पराजित गरे ।

उता बारा क्षेत्र नम्बर–१ मा रास्वपाका गणेश धिमाल ३९ हजार ९९८ मतसहित निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका शम्भुबहादुर बुढाथोकीले १४ हजार २२३ मत प्राप्त गरे ।

बारा क्षेत्र नम्बर–२ मा रास्वपाका चन्दनकुमार सिंह भारी मतान्तर सहित विजयी भए । उनले ३५ हजार ५९० मत प्राप्त गर्दै जसपा नेपालका रामकिशोर प्रसाद यादवलाई २१ हजार ३९४ मतान्तरले पराजित गरे ।

बारा क्षेत्र नम्बर–३ मा रास्वपाका अरबिन्द साह ४० हजार ६९७ मतसहित निर्वाचित भए । उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका फरमुल्लाह मंसुरले १० हजार ५२ मत प्राप्त गर्दा मतान्तर ३० हजार ६४५ कायम भयो । बारा क्षेत्र नम्बर–४ मा मतगणना अनुसार रास्वपाका रहबर अन्सारी विजयी भएका छन् ।

# बाराका ९९ उम्मेदवारको


## जमानत जफत

**मधेशदृष्टि**
**बारा ।**
प्रतिनिधिसभा प्रत्यक्ष निर्वाचनमा बाराका ११० उम्मेदवारमध्ये ९९ जनाले आवश्यक मत नपाउँदा जमानत गुमाएका छन् । उम्मेदवारहरूले कुल सदर मतको कम्तीमा १० प्रतिशत मत हासिल गर्न सकेनन् । जमानत जफत हुनेमा एमाले, कांग्रेस, नेकपा, जसपा नेपाल, जनमत, आम जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक, श्रम संस्कृति, उज्यालो नेपाल पार्टी, परिवर्तन नेपाललगायतका दलका उम्मेदवार रहेका छन् । अधिकांस मत राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) तर्फ जानुका कारण अन्य दलको आधारभूमि खुम्चिएको छ । जिल्ला निर्वाचन कार्यालयका तथ्यांक अनुसार बारा–१ मा २० उम्मेदवारमध्ये १७, बारा–२ मा २९ मध्ये २६, बारा–३ मा २४ मध्ये २२, र बारा–४ मा ३७ मध्ये ३४ जनाको जमानत जफत भएको छ ।

# निर्वाचनमा कांग्रेसको निराशाजनक नतिजा

## सातै प्रदेशमा प्रतिनिधित्व जोगाउन सफल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधिसभा निर्वाचन २०८२ को मतगणना जारी रहँदा नेपाली कांग्रेस को नतिजा अत्यन्त निराशाजनक देखिएको छ । अघिल्लो निर्वाचनमा प्रत्यक्षतर्फ ५७ सिट जितेर पहिलो पार्टी बनेको कांग्रेस यसपटक भने निकै कमजोर अवस्थामा पुगेको देखिएको हो ।







हालसम्म सार्वजनिक परिणामअनुसार कांग्रेसले जम्मा १७ स्थानमा विजय हासिल गरेको छ । देशभरबाट आएको पछिल्लो मतपरिणामले कांग्रेस नेतृत्वलाई समेत झस्काएको विश्लेषण गरिएको छ । परम्परागत 'रूख' चुनाव चिह्नमा खस्ने मत उल्लेख्य रूपमा घटेको र कांग्रेसका बलिया मानिएका गढहरू पनि कमजोर बनेको देखिएको छ ।

यद्यपि कमजोर नतिजाका बाबजुद कांग्रेसले भौगोलिक उपस्थितिको हिसाबले भने सन्तुलन कायम गरेको छ । अन्य दलहरू केही निश्चित क्षेत्रमा केन्द्रित देखिँदा कांग्रेसले भने कम सिट भए पनि सातै प्रदेशमा प्रतिनिधित्व कायम राख्न सफल भएको छ ।

हालसम्मको परिणामअनुसार कोशी प्रदेश बाट कांग्रेसले ३ सिट, मधेस प्रदेश बाट १ सिट, बागमती प्रदेश बाट १ सिट, गण्डकी प्रदेश बाट २ सिट, लुम्बिनी प्रदेश बाट १ सिट, कर्णाली प्रदेश बाट ४ सिट र सुदूरपश्चिम प्रदेश बाट २ सिट जितेको छ ।

कोशी प्रदेशअन्तर्गत पाँचथर–१ बाट नरेन्द्रकुमार केरुङ र तेह्रथुम–१ बाट सन्तोष सुब्बा निर्वाचित भएका छन् ।

मधेस प्रदेशमा कांग्रेसलाई ठूलो धक्का लागे पनि रौतहट–२ बाट मो. फिरदोस आलम विजयी हुँदै प्रदेशमा कांग्रेसको प्रतिनिधित्व सुनिश्चित गरेका छन् ।

बागमती प्रदेशमा रसुवाबाट मोहन आचार्य विजयी भएका छन् । गण्डकी प्रदेशका हिमाली जिल्लामा कांग्रेसले आफ्नो परम्परागत प्रभाव कायम राखेको छ । मुस्ताङबाट २९ वर्षीय युवा योगेश गौचन थकाली र मनाङबाट टेकबहादुर गुरुङ विजयी भएका छन् ।

लुम्बिनी प्रदेशमा कपिलवस्तु–३ बाट अभिषेक प्रताप शाह र पाल्पा–१ बाट सन्दीप राना निर्वाचित भएका छन् ।

कर्णाली प्रदेशमा भने कांग्रेसको उपस्थिति सबैभन्दा बलियो देखिएको छ । सुर्खेत–१ बाट विष्णुबहादुर खड्का, जाजरकोट–१ बाट खडकबहादुर बुढा, दैलेख–१ बाट वासना थापा र हुम्ला–१ बाट जयपति रोकाया विजयी भएका छन् ।

सुदूरपश्चिम प्रदेशमा डोटी–१ बाट भरतबहादुर खड्का र अछाम–१ बाट भरतकुमार स्वार निर्वाचित भएका छन् । यसैबीच जारी मतगणनामा सोलुखुम्बु र बाजुरा गरी दुई निर्वाचन क्षेत्रमा कांग्रेसले अग्रता कायम राखेको बताइएको छ । विश्लेषकहरूका अनुसार यसपटकको परिणामले कांग्रेसभित्र गम्भीर आत्ममूल्यांकनको आवश्यकता देखाएको छ ।

# महोत्तरी–३ मा ३९ उम्मेदवारको जमानत जफत

## रास्वपाका उज्ज्वल झा भारी मतान्तरले विजयी

मधेशदृष्टि
**जनकपुरधाम ।**
महोत्तरी निर्वाचन क्षेत्र नम्बर–३ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा विजयी भएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार उज्ज्वल झा बाहेक अन्य अधिकांश उम्मेदवारको जमानत जफत भएको छ ।

मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी का अनुसार कुल सदर मतको १० प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदवारको जमानत जफत हुने कानुनी व्यवस्था छ । आइतबार बिहान सार्वजनिक गरिएको अन्तिम मतपरिणामअनुसार विजयी उम्मेदवार झा र उनका निकटतम प्रतिद्वन्द्वी नेपाल सङ्घीय समाजवादी पार्टी का मोहम्मद रिजवान बाहेक अन्य ३९ उम्मेदवारले आवश्यक मत प्राप्त गर्न नसकेपछि जमानत जोगाउन सकेनन् ।

निर्वाचन क्षेत्र नम्बर–३ मा १५ राजनीतिक दल र २६ स्वतन्त्र उम्मेदवार गरी कुल ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा थिए । अन्तिम मतपरिणामअनुसार विजयी उम्मेदवार झाले ३२ हजार ४५१ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी रिजवानले ५ हजार ९६९ मत पाएका छन् । फागुन २१ गते भएको मतदानमा महोत्तरी–३ मा कुल १ लाख १० हजार ४३६ मतदाता रहेका थिए । तीमध्ये ६४ हजार ४८८ मत खसेको थियो । खसेको मतमध्ये ५९ हजार ४७८ मत सदर र ५ हजार १० मत बदर भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

यस आधारमा जमानत जोगाउन कम्तीमा ५ हजार ९४८ मत आवश्यक पर्ने देखिएको थियो । तर अन्य उम्मेदवारले सो मत प्राप्त गर्न सकेनन् ।

स्वतन्त्र उम्मेदवार रामआधार कापरले ४ हजार ७९० मत, नेपाली कांग्रेस का बजरङ्ग नेपालीले ४ हजार ३४२ मत, जनता समाजवादी पार्टी की मिनाक्षी ठाकुरले ३ हजार ९३९ मत, स्वतन्त्र उम्मेदवार हरिनारायण यादवले ३ हजार ५३१ मत तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का मनोज सिंहले १ हजार ५१६ मत प्राप्त गरे पनि जमानत जोगाउन सकेनन् ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टीका राजकिशोर साहले २४३ मत, राष्ट्रिय प्रजातन्त्र पार्टी का राजेश्वर रायले २२३ मत, जनमत पार्टी का अरविन्द ठाकुरले ४२१ मत, नेपाल जनता पार्टी का विजयकुमार मिश्रले ८३ मत, नेपाल कम्युनिस्ट पार्टी संयुक्त का धिरेन्द्रकुमार शर्माले ७५ मत, नेपालका लागि नेपाली पार्टी का रजनीश राज पाण्डेयले ६४ मत, श्रम संस्कृति पार्टी का मो. साविर नुरीले ५७ मत, उज्यालो नेपाल पार्टी का रञ्जितकुमार साहले २६१ मत, राष्ट्रिय निर्माण दल नेपाल का मुस्ताक अहमद अन्सारीले १४२ मत तथा आम जनता पार्टी का कैलाश महताले १३६ मत प्राप्त गरेका छन् ।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार चार राजनीतिक दल र २२ स्वतन्त्र उम्मेदवारले १०० मतसमेत कटाउन नसकेको तथ्याङ्क सार्वजनिक भएको छ । यसले उक्त क्षेत्रमा रास्वपाका उम्मेदवारप्रति मतदाताको स्पष्ट झुकाव देखिएको विश्लेषण गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन